राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

# विस्मृत हुँदैछ गजेन्द्रनारायण सिंहको विचार

## मधेशी दलले सम्झन सकेनन् सिंहलाई

**मधेशवाणी डेस्क**

काठमाडौं । नेपालका दलहरू सिद्धान्तअनुसार चलेका छैनन् । आंशिक रूपमा मात्र सिद्धान्तमा आधारित छन् भन्न सकिन्छ । दलहरू अक्षरश: सिद्धान्तअनुसार चल्ने त विश्वमा कहीं पनि हुँदैन तर व्यावहारिक रूपमा त्यस्तो गर्न गाह्रो हुन्छ । अमेरिका, स्क्यान्डेनेभियन देशहरू, भारत र अन्य प्रजातान्त्रिक मुलुकमा पनि त्यस्तो हुँदैनरु सिद्धान्त र व्यवहारका बीचमा केही फरक त जहाँ पनि हुन्छरु र यसको उदाहरण चीन हो किनभने चीन आफैं पनि माओवादमा पूर्ण आधारित छैन । लोकतान्त्रिक मान्यताहरूबाट टाढा पुगिसकेको देखिन्छ । यसलाई सही बाटोमा ल्याउन धेरै गाह्रो छरु

भारतका राजनीतिक दलमा नीतिगत विषयमा विवाद बाहिर छताछुल्ल भएको खासै देखिँदैन । तर, नेपालका दलभित्रका समूह, गुट र नेताका मतभिन्नता बाहिर आउँछनरु किनभने उनीहरु सिद्धान्तबाट विचलित भइसकेका छन् ।

भ्रष्टाचार एवम् अनियमितताको आरोपबाट मुक्त उनीजस्ता नेताको राजनीति यात्रा तथा उच्च विचार वर्तमान पुस्ताको निम्ति प्रेरणाको स्रोत हुन सक्दछ

**स्व. गजेन्द्रनारायण सिंहको नाममा खोलिएका संस्थाहरू**

| क्र.सं. | संस्था | अध्यक्ष | जिल्ला |
|---|---|---|---|
| १. | गजेन्द्रनारायण सिंह लोक कल्याणकारी संघ | राजेन्द्र महतो | काठमाडौं |
| २. | गजेन्द्रनारायण सिंह स्मृति प्रतिष्ठान | अनिलकुमार झा | काठमाडौं |
| ३. | गजेन्द्रनारायण सिंह शैक्षिक प्रतिष्ठान | रुधीर कुमार सिंह | रौतहट |
| ४. | गजेन्द्रनारायण सिंह चिन्तन समाज | विकास तिवारी | काठमाडौं |
| ५. | गजेन्द्रनारायण सिंह विचार मञ्च | विकास तिवारी | काठमाडौं |
| ६. | गजेन्द्रनारायण सिंह जयप्रकाशनारायण स्मृति प्रतिष्ठान | संजयकुमार सिंह | सप्तरी |
| ७. | गजेन्द्रनारायण सिंह ग्रामीण जागरण प्रतिष्ठान | कुबेर यादव | सप्तरी |

नेपालका राजनीतिक दलको कुरा छाडौं । मधेशी दलमा सिद्धान्तभित्र रहेर जनताका जनजीविकाका सवाललाई सम्बोधन गर्ने किसिमले रणनीतिहरू बन्ने संस्कार छँदै छैन । सिद्धान्तबाट निर्देशित हुनेभन्दा पनि शक्ति र सत्तामा पुग्न बढी प्रतिस्पर्धा छन् उनीहरुबीच । सिद्धान्तका लागि क्रान्ति गर्ने तर त्यसपछि आफ्ना एजेन्डालाई संस्थागत गर्न नसक्ने प्रवृति उनीहरुमा छ । मधेशी दलको राजनीतिक पद्धति र निर्णय प्रक्रिया तर उनको विचार र सिद्धान्तको अनुशरण कुनै दलले गरेको पाइएको छैन ।

नेपाल सद्भावना पार्टी स्थापना गरेका उनले आफ्नो पार्टीको प्रमुख एजेन्डाको रूपमा नागरिकता, आरक्षण (समानुपातिक समावेशिता), जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको गठन तथा सघीयतालाई अघि सारेका थिए । उनी बाँचुञ्जेलसम्म उपरोक्त राजनीतिक मुद्दाहरूले देशमा व्यापक चर्चा पाए पनि समाधान हुन सकेको थिएन । सिंहको त्याग इमानदारी एवम् विचारलाई ओझेलमा पारेर मधेशी दलहरुले आआफ्नो रोटी सेक्ने असफल प्रयास गर्दैछन् । राजनीतिमा परिवारवादका उनी घोर विरोधी थिए । उनी बाँचुन्जेलसम्म नेपालको राजनीतिमा मधेशवाद शब्दको जन्म भएको थिएन । तर नवमधेशवादीहरू आफूलाई मधेशवादको अभियन्ता त बताउँछन् तर तिनको पार्टीको नामबाट सद्भावना र तराई मधेशजस्ता शब्दहरू विलुप्त भइसकेका छन् ।



स्व.गजेन्द्रनारायण सिंह

### शब्दचित्रमा सिंह

गजेन्द्र नारायण सिंहको वि.स. १९८६ सालमा सप्तरीको कोईलाडी गाविसमा भएको हो । भगवान रामको जन्म दिनमै बुबा स्व. के.सी.सिंह र आमा स्व.राधादेवीको कोखिबाट जन्मेका गजेन्द्र बाबु मरेर पनि अमर रहेका छन् । भारतको बनारसबाट आईए उतिर्ण गरेका सिंह २००७ सालदेखि नेपाली काग्रेसमा आवद्ध भई राजनितिक क्षेत्रमा प्रवेश गरे । उनी २०३३ सालसम्म नेपाली काग्रेसका सक्रिय भएर लागेका थिए । २००७ साल जेठ १९ गते १८ वर्षकै उमेरमा सिंह जेल चलान भएको तथा ७ वर्ष सम्म जेलमै जीवन उनले बिताए । २०१८ सालदेखि २०२९ साल सम्म भारतमा प्रवासी जीवन बिताएका उनी २०३४ सालमा पूर्वाञ्चल संयोजक भएका थिए । २०३६ सालको जन्मत संग्रहमा निर्दल विरूद्ध संघर्ष गरेका उनी २०४० सालमा नेपाल सद्भावना परिषद गठन गरेका थिए । परिषदका संयोजक आफै रहेका सिंह २०४३ सालमा राष्ट्रिय परिषदको चुनाव जिति प्रतिनिधि सभामा भाग समेत लिएका थिए । त्यस पश्चात उनी २०४७ सालमा नेपाल सदभावना पार्टी गठन गरि २०५३ साल सम्म पार्टीको अध्यक्ष पदको जिम्मेबारी सम्हालेका थिए । २०४८ सालदेखि २०५३ सालसम्म सप्तरी संसदीय क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा विजयी भएका उनी २०५२ साल भदौ महिना पछिको संयुक्त सरकारको गठन पछि निरन्तर रूपमा मन्त्री बने । उनी विभिनन समयमा आपूर्ति, स्थानीय विकास, उद्योग, विज्ञान तथा प्राविधि मन्त्री भए । उच्च रक्तचापका कारण २०५८ माघ १० गते उनको निधन भयो ।

## भारतीय मन्त्री स्वराजसँग सांसद चौधरीको भेट



काठमाडौं । राजपा नेपालकी महामन्त्री एवम् सांसद चन्दा चौधरीले भारतीय विदेशमन्त्री सुषमा स्वराजसँग भेटघाट गरेकी छिन् । भारतको वाराणसीमा आयोजित १५ औं प्रवासी दिवसको कार्यक्रममा उनीहरूबीचे भेटघाट भएको हो । सांसद चौधरी र विदेश मन्त्री स्वराजबीच नेपाल-भारत सम्बन्ध बारे छलफल भएको छ । साथै चौधरी अध्यक्ष रहेको संस्था नेपाल भारत महिला मैत्री समाजले गरिरहेको काम बारे पनि मन्त्री स्वराजले चासो व्यक्त गरिन । त्यसैगरी राष्ट्रिय स्वंसेवक संघ (आरएसएस) का राष्ट्रिय कार्यकारणी सदस्य इन्द्रेश कुमारसँग पनि सांसद चौधरीको भेटघाट भएको छ ।

## ४६ शहीद परिवारलाई रोजगारी

काठमाडौं । मधेश आन्दोलनका क्रममा ज्यान गुमाएकाको परिवारलाई प्रदेश २ सरकारले रोजगारी दिएको छ । 'बलिदान दिवस'को अवसर पारेर प्रदेश २ सरकारले ४६ सहिद परिवारलाई नियुक्तिको डेमो प्रदान गरेको छ । सिरहाको लहानमा आयोजित कार्यक्रममा उपप्रधान एवम् स्वास्थ्यमन्त्री उपेन्द्र यादव, प्रदेश २ का मुख्यमन्त्री लालबहादुर राउतसहित प्रदेशका मन्त्रीहरूले शहीद परिवारलाई नियुक्तिको डेमो प्रदान गरे । प्रदेशभित्र ५८ जना शहीद परिवारको तथ्यांक संकलन गरिएको छ । जसमध्ये ३ जनाको घरमा रोजगारी लिन चाहने कोहि छैनन् । ४६ जना शहीदका परिवारलाई करारमा नियुक्ति दिने तयारी प्रदेश सरकारको छ । रोजगारी पाउने शहीद परिवारमा सप्तरीका ९ जना, सर्लाहीका ७ जना, रौतहट, धनुषाका ६२६ जना, पर्साका ५ जना, महोत्तरीका ३ जना र बाराका ४ जना छन् । यस्तै मधेश आन्दोलनका क्रममा घाइते भएका प्रदेशभित्रका ९७ जनालाई राहत समेत प्रदान गरिएको छ । प्रदेश सरकारले ९७ जना घाइतेलाई राहत स्वरूप रकम प्रदान गरेको हो । अवस्था हेरेर रू ५० हजारदेखि रू ३ लाखसम्मको चेक कार्यक्रममा वितरण गरिएको हो ।

## "जनमतसंग्रहको विकल्प छैन"

काठमाडौं । सत्तारूढ दल संघीय समाजवादी फोरम नेपालकी प्रतिनिधिसभा सदस्य सरिता गिरीले संविधान संशोधनका लागि जनमत संग्रहको विकल्प नरहेको बताएकी छन् । सांसद-प्रधानमन्त्री प्रश्नोत्तरमा शुक्रबार प्रधानमन्त्रीले आवश्यकता र औचित्यको आधारमा संविधान संशोधन गर्ने जवाफ फोरमका सांसदलाई दिएका थिए । सांसद गिरीले संविधान संशोधनको औचित्य र आवश्यकता छ वा छैन प्रमाणित गर्न अब जनमत संग्रहको विकल्प नरहेको सामाजिक सञ्जालमार्फत् अभिव्यक्ति जाहेर गरेकी छन् । संविधान संशोधन गर्ने शर्तमा नै सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीसँग दुईबुँदे सहमति गरी फोरम अहिलेको सरकारमा सहभागिता जनाएको छ । तर, संविधान संशोधनबारे अहिलेसम्म कुनै प्रक्रियासमेत सुरू नभइसकेको अवस्थामा फोरम किन सरकारमा बसिरहेका छन् भन्ने प्रश्न आम जनताले गर्न थालेका छन् । वर्तमान सरकारकै उपप्रधानमन्त्रीसमेत रहेका फोरम अध्यक्ष उपेन्द्र यादवले पनि पटक-पटक संशोधनका लागि सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ । फोरमले प्रधानमन्त्रीलाई १२ बुँदे स्मरणपत्रसमेत बुझाइसकेको छ । आफै सत्तापक्ष भएर पनि संशोधनका लागि प्रधानमन्त्रीलाई स्मरण गराउनु र सांसदले त्यसका लागि जनमत संग्रहको माग गर्नु हास्यास्पद विषय रहेको विश्लेषकहरू बताउँछन् ।

**बीमालेख हराएको**

**बीमालेख नं.**
(१) २३००००१३८ - भक्तपुर LIC Nepal
(२) १३००००००३- पोखरा
नामः- शुभकान्त झा
ठेगानाः- जिल्ला- धनुषा, देवपुरा, रूपैठा-५




## बेलाको बोली

रामसुकुल मण्डल



# मधेशी नेतृत्वको असैद्धान्तिक सत्ता साझेदारी

२०६३ सालमा भएको मधेश आन्दोलनका दौरान माघ ५ गतेका दिन रमेश महतोको हत्या भएको दिनलाई मधेशमा बलिदानी दिवसको रूपमा मनाइदै आएको छ । मधेश आन्दोलन राष्ट्रिय पहिचान, सामाजिक न्याय, स्वाभिमान र राज्यका विभिन्न तहमा उचित अवसर प्राप्तिका लागि मधेश जनताले स्वतस्फूर्त रूपमा गरेको आन्दोलन थियो ।

रमेश महतोको बलिदानी पछाडि भएका आन्दोलनहरूले समेत मधेशलाई अधिकार दिलाउन सकेको छैन । बरू बलिदानी दिनेहरूको संख्या १०५ भन्दा माथी पुगेको छ । घाईते त गनी साध्य छैन, हजारौंको संख्यामा छन् । विगत दश वर्षमा मधेशका लागि बलिदानी दिनेमा महिला र बालबालिका र वृद्धहरू पनि थपिएका छन् । पहिलो र दोस्रो मधेश विद्रोहका दौरान करिब ५३ जनाको बलिदानी पश्चात बाध्य भई राज्यले गरेको सम्झौता रद्दीको टोकरीमा फालेको छ । संविधानमा मधेशीको अधिकार सुनिश्चित गराउन २०७२ सालमा भएको लामो मधेश विद्रोहमा फेरि ५२ जनाभन्दा बढी मधेशी महिला, युवा, बालबालिका र वृद्धहरूले समेत बलिदानी दिँदा राज्य टसमस भएको छैन । बरू पहिलो संविधानसभाले बनाएको समिति र आयोगको मधेशमा दुई प्रदेश बनाउने सिफारिसलाई लत्याउँदै मधेशलाई ६ भागमा विभाजित गरि ५ भागलाई पहाडि प्रदेशअन्तर्गत राखिएको छ ।

२०६२/२०६३ को दोस्रो जनआन्दोलन विश्राम नलिदै २०६३ कै माघमा मधेशमा सुरू भएको पहिलो आन्दोलन १२ वर्ष पूरा गरेको छ । मधेश जनताले सदियौंदेखि आफूहरू राज्यको उत्पीडनमा परी आफ्नो अधिकार सुनिश्चित नहुन्जेल आन्दोलन नरोक्ने भन्दै आन्दोलन चर्काएका थिए । करिब तीस दिनभन्दा बढी समय मधेशमा आन्दोलन चल्यो ।

**मधेशी नेतृत्वको असैद्धान्तिक सत्ता साझेदारीले सबै मुद्दाहरूलाई विवादित, कमजोर तथा अवस्तुवादी बनाइदिएको छ ।**

आन्दोलनमा ३५ जनाभन्दा बढि मधेशी युवाहरूले बलिदान दिएका थिए ।

सुरूमा राज्यले त्यति चासो नदेखाएको मधेश आन्दोलनले व्यापक रूप लिन थालेपछि राज्यको ध्यान मधेशतर्फ गयो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुई/दुई पटक सम्बोधन गरेपछि मात्र आन्दोलन रोकिएको थियो । कुनै पनि राजनीतिक दलको आह्वान बिना भएको त्यो आन्दोलन मधेश आन्दोलनको पहिलो इतिहास हो । मधेश आन्दोलनले नै अन्तरिम संविधानमा संघीयता शब्दलाई स्थापित गराएको हो भने राज्यको हरेक तहमा समावेशी प्रवेश हुने अवसर पनि मधेश आन्दोलनकै उपलब्धि हो ।

२०६३ माघ १ गते नेपालमा अन्तरिम संविधान जारी भएपछि, खासगरी मधेशका मुद्दाहरू संविधानमा व्यवस्था नगरिएको भन्दै मधेशी जनअधिकार फोरमका नाममा नेताहरूले काठमाडौंमा संविधान जलाए र सरकारले उनीहरूलाई गिरफ्तार गरी मुद्दा चलायो । लगत्तै त्यसको विरूद्धमा फोरमले मधेश बन्दको घोषणा गऱ्यो । त्यसले मधेशमा आन्दोलनलाई उत्प्रेरणा दिने काम गरेको थियो । आन्दोलनमा तत्कालीन भूमिका फोरमको भए पनि त्यसमा फोरमको नेतृत्व थिएन ।

२०६३ साल पछि पनि दुई पटक मधेशमा आन्दोलन भए । तर त्यस पछि पनि मधेश स्थिर हुन सकेको छैन । २००८ सालबाट मधेशका नाममा राजनीति सुरू गरेका बेदानन्द झा हुन् या अहिलेका मधेश केन्द्रित राजनीतिक दलका नेताहरू, सबैले मधेशलाई सत्तामा जाने भऱ्याङको रूपमा मात्र उपयोग गरेका छन् ।

पहिलो संविधानसभा निर्वाचनको पूर्व सन्ध्यामा भएको मधेश आन्दोलनभन्दा अघि कुनै राजनीतिक दलले मधेशमाथि विमर्श गर्नुपर्ने आवश्यकता देखेका थिएनन् । त्यसबेलासम्म मधेश राजनीतिको सानो सरोकार समूहलाई माथिल्लो ओहोदामा तान्नासाथ त्यहाँको चुनौती स्वतः समाप्त हुने मानिन्थ्यो । तर राष्ट्रिय दलहरूले राष्ट्रियता, समावेशी तथा संघीय गणतन्त्रको नेपाली मोडेललाई बदलिएको राजनीतिक समीकरण अनुसार सन्तुलित नबनाउँदा मधेश आन्दोलन भयो र त्यसले मधेशको राजनीतिक नक्सालाई नै फेरिदियो । केन्द्रीकृत राज्यसत्ताद्वारा गरिएको विभेदबाट सीमान्तकृत बनेका मधेशीको अधिकारको सुनिश्चित गर्ने दायित्व मधेशी दलमा छ । तर, मधेशी नेतृत्वको असैद्धान्तिक सत्ता साझेदारीले सबै मुद्दाहरूलाई विवादित, कमजोर तथा अवस्तुवादी बनाइदिएको छ ।



# सम्पादकीय

## राजपामा नयाँ संयोजकको चुनौती

पूर्व सहमतिअनुसार चक्रीय प्रणालीको आधारमा राजपाले फेरि अध्यक्षमण्डलको नयाँ संयोजक पाएको छ । पार्टी गठन भएयता राजपाभित्र यो तेस्रो संयोजक हो ।

मंसिर पहिलो साता संयोजकबाट महन्थ ठाकुरलाई विस्थापन गरेर राजेन्द्र महतो संयोजक बनेका थिए । पार्टीका ६ अध्यक्षमण्डलका सदस्यहरूबीच हरेक दुई महिनामा संयोजक फेरिरहने सहमति भएकाले महतो आफ्नो दुई महिने कार्यकाल पूरा गरी महेन्द्र राय यादवलाई पद हस्तान्तरण गरेका छन् । ठाकुरले पूर्व सहमतिअनुसार संयोजक पद हस्तान्तरण गर्न नमानेका आरोप महतोले लगाउँदा उनीमाथि नै पदलोलुप भएको आरोप लागेको समयमा उनले बडो इमान्दारीपूर्वक पद हस्तान्तरण गरेका हुन् । यसअर्थमा उनको कदमलाई सर्वत्र प्रशंसा पनि गरिएको छ ।

महतोको दुईमहिने अवधिमा पार्टीभित्र कुनै उल्लेख्य उपलब्धी नभए पनि जेलमा रहेका रेशम चौधरीको शपथ उनकै अवधिमा भएको छ । राजपाले आगामी बैशाख ७, ८ र ९ गते महाधिवेशन गर्ने निधो गरेको छ । त्यसो हुँदा अब महतोपछि यादव हुँदै संयोजकको जिम्मेवारी शरतसिंह भण्डारीले पाउने छन् र सम्भवतः उनले नै महाधिवेशन गराउने छन् । बैशाखमा महाधिवेशन भए त्यतिबेला भण्डारी संयोजक रहनेछन् । अब नयाँ संयोजकलाई आगामी दुई महिनामा महाविधेशनको अभूतपूर्व तयारी गर्नुपर्छ भने त्यसका

### पार्टीलाई गतिशील र संगठित बनाउनु पर्ने जिम्मेवारी नयाँ संयोजक महेन्द्र राय यादवमाथि छ ।

लागि पार्टी भित्र रहेको विवादलाई समाधान गरी अगाडि बढ्नु पर्नेछ । संयोजकबाट ठाकुर विस्थापित भएपछि रूष्ट बनेका अनिल झासहितलाई विश्वासमा लिएर महाधिवेशनको माहोल पनि बनाउनुपर्ने थप जिम्मेवारी नयाँ संयोजकको काँधमा थपिएको छ ।

यसका साथै राजपाले उठाउँदै आएको संविधान संशोधनको मुद्दालाई थप बलियो बनाएर सरकारलाई दबाब दिन पार्टीले निर्वाह गर्नुपर्ने भूमिकालाई झन् फराकिलो बनाउनुपर्ने अर्को चुनाती त छदैछ, सरकारलाई दिएको समर्थन फिर्ता गर्ने वा नगर्ने भन्ने विषयमा पार्टीको स्पष्ट धारणा आउनु जरूरी छ । राजपालाई 'थर्ड पावर' निर्माण गर्नु पनि जरूरी छ र यसका लागि पालैपालो संयोजक बन्ने सबैको भूमिका अहम् छ । राजपालाई मधेशको 'थर्ड पावर' निर्माण गर्नुपर्ने आवश्यक्ता र बाध्यता दुबै छ, त्यसैले उसले कसरी काम गर्छ, त्यो कस्तो शक्ति बन्छ भन्ने कुरा नयाँ संयोजकले तय गर्नु पर्नेछ ।

सत्ता स्वार्थ, दलीय राजनीति, मधेशका मुद्दा र देशको चिन्ता यी विषयमा पार्टी अझै अलमलमा छ । विभिन्न कारणले राजपाले आफ्नो हैसियत बढाए पनि अहिले त्यसलाई धान्न सकिरहेको छैन । नयाँ संयोजक बनेपछि यादवमाथि यस्ता-यस्ता समस्याहरू थपिएका छन् । पार्टीभित्र पनि समस्याको चाँग रहेको छ । यदि पार्टीको आन्तरिक विवाद र द्वन्द्व समयमै समाप्त भएन भने पार्टीले गतिलो बाटो लिन सक्दैन । किनभने राजपा गठन भएदेखि नै यसले पूर्ण आकार ग्रहण गरिसकेको छैन । केन्द्रमा राजपा नामको पार्टी भए पनि गाउँ, जिल्ला र प्रदेश स्तरमा यसको संगठन बनि सकेको छैन । देश संघीय संरचनामा भए पनि पार्टीले संघीय आकार लिएको छैन । पार्टीलाई गतिशील र संगठित बनाउनु पर्ने पनि जिम्मेवारी यादवमाथि छ ।

यसका साथै पार्टीले उठाउँदै आएको संविधान संशोधनसहितका मुद्दाहरूलाई कसरी व्यवस्थापन गराउन सकिन्छ भन्ने विषयमा पनि उनको भूमिका महत्वपूर्ण छ । यसका लागि पार्टीले संघीय संसदमा विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

राजपाले अब के गर्ने र उसले कस्तो बाटो लिने भन्ने जिम्मेवारी पनि यादवको काँधमा थपिएको छ । राजपाको अबको प्राथमिकता भनेको ती चुनौतीहरूलाई सही ढंगले व्यवस्थापन गर्नु हो । तर राजनीतिमा आफ्नो अस्तित्वलाई जीवित राख्नका लागि केही मुद्दाहरूलाई जीवितै राख्नुपर्ने हुन्छ । अबका मधेश मुद्दाले राजनीतिमा मधेशी दललाई चिनाउने शिवाय जनताको जनजीवनमा कुनै उल्लेख्य प्रभाव पार्न सक्दैन भन्ने कुरालाई पनि नयाँ संयोजकले बुझ्नु जरूरी छ ।

## सातको सात बात



नेपाल नयाँ राजनीतिक चरणमा प्रवेश गरेको छ । समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य साकार पार्न सुशासन कायम गर्दै आर्थिक विकासमा नै सरकारले विशेष ध्यान दिएर काम अगाडि बढाईरहेको छ । **केपी शर्मा ओली, प्रधानमन्त्री**



विश्व स्वास्थ्य संगठनले नै स्वास्थ्यमा कम्तिमा १० प्रतिशत बजेट विनियोजना गर्न भन्छ । तर, हाम्रो देशमा चार प्रतिशत बजेट विनियोजन हुन्छ र दुई प्रतिशत कर्मचारीको तलवमै जान्छ । म मन्त्रालयमा आउँदा बजेट, नीति तथा कार्यक्रम सबै बनिसकेकाले केही किचलो देखिएको थियो । **उपेन्द्र यादव, उपप्रधान तथा स्वास्थ्यमन्त्री**



'कांग्रेसको नेतृत्वमा अहिलेसम्मका आन्दोलन र क्रान्तिहरूको उपलव्धी संस्थागत भएका हुन् । के यो सरकारले कांग्रेसको अस्तित्व मेटाउन चाहेको हो ? नेपालको लोकतान्त्रिक आन्दोलन र संविधान निर्माणका अग्रज गिरिजाप्रसाद र सुशील कोइरालाको नाममा अस्पताल खारेज गर्न खोजिएको छ यो राम्रो होईन । **विजय कुमार गच्छदार, नेता, नेपाली कांग्रेस**



संविधानमा हाम्रा केही असमतिका बुँदा छन् । तर, संघीयता, लोकतन्त्र, समावेशी समानुपातीक, गणतन्त्र, धर्मनिरपेक्षता जस्ता कुरा यो संविधानको राम्रा पक्ष हुन् । यो संविधानलाई मजबुत बनाउन पनि संशोधन अनिवार्य छ । सरकारले अलोकप्रिय काम गरिरहेको छ । **महेन्द्र राय यादव, संयोजक, राष्ट्रिय जनता पार्टी**



गजेन्द्रनारायण सिंहले स्थापना गर्नुभएको सद्भावना पार्टी आजको दिनमा राजनीतिक दलको रूपमा नरहनु बिडम्वना हो । सद्भावना पार्टी र सिंहको नामले विगतमा धेरैले राजनीति गरेपनि कसैले सिंहको विरासत बचाउन सकेनन् । **अनिल झा, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी**



अब आउने निर्वाचनसम्म हुलाकी राजमार्गको निर्माण कार्य जसरी पनि सम्पन्न गर्न प्रधानमन्त्रीको निर्देशन छ । हुलाकी राजमार्गको उत्तर–दक्षिण कनेक्टिभिटी बाहेक पूर्व-पश्चिम निर्माण कार्य सम्पन्न गर्ने योजनाका साथ हामी अगाडि बढेका छौं । **रघुवीर महासेठ, भौतिक पूर्वाधार तथा यातायात मन्त्री**



सन् २०२० मा नेपाल भ्रमण वर्ष मनाउँदा २० लाखभन्दा बढी पर्यटक भित्र्याउने सरकारको लक्ष्य छ, सन् २०१८ मै १२ लाख पर्यटक आइसकेको हुँदा भ्रमण वर्षको यो लक्ष्य पूरा हुन्छ । २०१९ को अगष्टतिर भैरहवास्थित गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलमा परीक्षण उडान हुन्छ । **रविन्द्र अधिकारी, संस्कृति पर्यटन तथा नागरिक उड्ययन भन्त्री**

# हाम्रो संस्कृति र कृषि-२



सीके लाल

कृषकका आवश्यक्ताको हिसाबले हेर्‍यौं भने जो खेतीपातीमा लागेका छन् उनीहरूको बालीचक्र पनि अवरूद्ध भएको छ । पहिले आउँस, गम्हरी पछि मात्र धान र दलहनको खेती हुन्थ्यो । धान नउब्जने खेतमा आउँस पछि केही दिन त्यतिकै छाडिन्थ्यो र त्यसपछि मात्र आलु उब्जाइन्छ । यसैगरी आली र खेतमा पनि भिन्डी र भन्टाको खेती मैले आफ्नै हातले गरेको हुँ । यी सबै चक्र पूर्ण रूपले भङ्ग भएको छ । एक बाली सँगसँगै अर्को बालीको खेती (simultaneous agriculture) को परम्परा पूरै समाप्त भइसकेको छ । यसका धेरै कारणहरू छन् । त्यसमा एउटा कारण हो कृषिको लागि सूचनाको स्रोत समाप्त हुनु । जसरी भारतको आन्ध्र प्रदेशबाट आएको एक जना योगीले भनेका थिए कि यस्तै आलीमा मेवाको बोट सुन्दर ढङ्गले हुनेगर्छ र यसले बीउ पनि दिने गर्छ । अनि आन्ध्र प्रदेशको मेवाको बीउ महोत्तरीको सुगा गाउँको आलीमा छरिन्थ्यो । जुन मेवा मैथिल मेवाभन्दा पाँच गुणा बढी फल्थ्यो । त्यसको कारण के भने जतिखेर मिथिलामा कृषि सभ्यता थियो, त्यतिबेला शुभेच्छाको सम्पन्नता भनिन्थ्यो जसलाई आजकल समृद्धिलाई भन्ने गरिन्छ । शुभेच्छा र समृद्धि सम्पन्नताको दुई मापक हुन् । धन बढ्दै गयो भने समृद्धि हुन्छ र शुभेच्छामा व्यक्तिभन्दा बढी समाजलाई धनी बनाउने गरिन्छ । त्यसैले यस्ता गाउँ र समाज हुनुपर्छ जहाँ भिक्षाको अभाव नहोस् । भिक्षाको अर्थ भीख माग्नु होइन । वैराग्यकको संस्कृति थियो । वैरागी यस्तालाई भनिन्छ जसको कुनै राग हुँदैन् । राग रहनु भने द्वेष रहँदैन र जब राग र द्वेष रहँदैन अनि मात्र उसले मानवताको कुरा गर्न सक्छ । वैरागीहरू कृषिका सँगसँगै अरू सूचनालाई पनि व्याप्त (information dissemination) बनाउन मद्दत गर्थे । उनीहरू एक गाउँबाट अर्को गाउँ जाँदा र भन्ने गर्थे कि मालदह आँप बङ्गालबाट आएको हो । मालदह बङ्गालको कुनै एक जिल्लाको नाम हो । त्यहाँबाट यो नव आँपको विकास भयो र मिथिलामा आएर आँपको राजा बन्यो । यस्तै, बमई (बम्बई) महाराष्ट्रको लङ्गरा आँप हो । यो बम्बईको आँप थियो र मिथिलामा आएर बमई भयो । कलकतिया आँप उडिसाको हो र कलकत्ता हुँदै यहाँसम्म आयो, जसलाई कलकतिया भनिन थालियो । यी आँपको बीउ र रूख कुनै सरकार र जेटीएले ल्याएका होइनन् । कुनै कृषि वैज्ञानिकले ल्याएका होइनन् । यी सबै योगी र वैरागीद्वारा ल्याएका आँठी (बीउ)बाट उम्रेको आँपहरू हुन् । ती योगी र वैरागीहरू त अब छैनन् । यसबाट कृषिको जुन परम्परागत सूचना प्रविधि थियो त्यो भने समाप्त भइसकेको छ ।

मानवजीवन चक्रजस्तो सभ्यताको पनि चक्र हुन्छ । र यो सभ्यता समाप्त भइरहेको छ । तर यसमा दुःखी हुने कुनै जरूरी छैन् । किनभने यो त प्रकृतिको परम्परा नै हो कि जो जन्म लिन्छ, जवान हुन्छ र वृद्ध भएर समाप्त हुन्छ । तर पुनर्जन्मको सिद्धान्तले के भन्छ भने अब नया युवामा संस्कार आउनु पर्छ । परम्परागत सूचनाको स्रोत समाप्त भयो भने आधुनिक सूचनाको स्रोत भएको भए जुन काम वैरागीहरूले गर्थे ती कामहरू आजका कृषि वैज्ञानिकहरूले गर्नु पर्थ्यो । नेपालमा कृषि वैज्ञानिकहरू आएको तीस-चालीस वर्ष त भइसकेको छ । दुई सय वर्ष वा एक सय वर्ष वा पचास वर्षको कलकतिया, मालदह आ बमई त हामीले देखिरहेका छौं । धानका विभिन्न जाति पनि देखिरहेका छौं । घाँसका जाति थाहा छ । भिन्डी, भन्टाको विषयमा जानकारी छ । तर यो तीस वर्षमा यी कृषि वैज्ञानिकद्धारा ल्याइएका केही पनि छैन् । यदि ल्याएको भए त नया किसिमको प्रतिस्थापन बमई, मालदह, कलकतियाबाट राम्रो स्वाद र गुण भएको आँप, पुरानो भिन्डीभन्दा बढी फल्ने नयाँ किसिमको भिन्डी, पुरानो बैगनभन्दा बढी उत्पादन हुने नया बैगनको खेती सुरू भइसकेको हुन्थ्यो । त्यसैले खेती र कृषि गडबड भएको छ । गहुँको खेतीमा पक्कै आधुनिक प्रविधि लागू भएको छ । जौको विस्थापन भएर गहूँको खेती सुरू भएको हो । जौको बीउ मेसोपोटामियाबाट सुरू भएको हो, जहाँ अहिले इराक रहेको छ । त्यहाँबाट अरब, परसिया, अफगानिस्तान हुँदै पञ्जाबबाट मिथिलामा छिरेको हो । जौको इतिहास धेरै पुरानो छ । तर जौजस्तो गहुँ विभिन्न बाटो तय नगरी डाइरेक्ट ट्रान्सप्लान्ट भएर युरोपबाट मिथिला क्षेत्रमा आएको हो र यहाँ आएर एउटा संस्कृतिको खानपिनको महत्वपूर्ण अङ्ग बनाउनमा आधुनिक विज्ञानको ठूलो देन रहेको छ । आधुनिक विज्ञानले गहूँ त ल्याइदियो तर गहूँका लागि यहाँको माटो उपयुक्त छ कि छैन् त्यसको अनुसन्धान नगरी त्यतिकै ल्याइएको हो । पञ्जाबमा गहूँ दस मन प्रतिकट्ठाको दरले उब्जन्छ । तर मिथिलोमा त्यहि मात्रामा उब्जनु पर्छ भन्ने होइन । किनभने पञ्जाबको माटो र मिथिलाको माटोमा फरक छ । पञ्जाबको माटोमा मल-खाद दिन थाल्यौं भने त्यसअनुसार धान उब्जदैन । नयाँ खेती र माटोको गुणका बीचमा तनाव छ । त्यसका लागि आधुनिक विज्ञानको हस्तक्षेप हुनुपर्छ । विज्ञान-प्रविधिको हस्तक्षेपका लागि विचार र विमर्शको आधारमा चर्चा गर्नु जरूरी छ । चर्चा भयो भने मात्र थाहा हुन्छ कि मिथिलाको खेती र नया प्रविधिमा तनावका कुरा । यो तनाव कुनै बेला ऊर्जामा पनि परिवर्तन हुन सक्छ । यसलाई अझ राम्रो बनाउने उपाय के होला, त्यसको लागि अनुसन्धान हुनु पर्छ । अनुसन्धान गर्ने व्यक्तिको ध्यान गयो भने मात्र अनुसन्धान हुन सक्छ । त्यसमाथि पनि हामीहरू असफल भइरहेका छौं ।

सिँचाइको व्यवस्थाको सन्दर्भमा हेर्नु भयो भने त मिथिलामा यसको निकै अभाव छ । बिना सिँचाइको मिथिलाको खेतीमा समस्या यस कारणले छ कि यहाँ अस्सीदेखि नब्बे प्रतिशत वर्षा तीन महिनामा हुन्छ ।

कुनै बालीको चक्र एउटै महिनामा पूरा हुन्छ र लामो चक्रभएको बाली चार महिनासम्मको हुन्छ । यदि एक महिना चक्रभएको बालीको नाम लियौं भने बारहवटाको कुरा गरौं । जस्तो, बन्दा, मुला, धनिया पात र अन्य विभिन्न किसिमका बालीहरू । लामो चक्रभएका बालीहरू जस्तो धान र गहूँको कुरा गर्‍यौं भने कम्तीमा तीनवटा बाली त एकै वर्षमा हुने गर्छ । अब एउटा बाली वर्षाको पानीले हुन्छ भने जबकी बाँकी अन्य दुइवटा लामो चक्रभएको बालीका लागि सिँचाइको उचित व्यवस्था आवश्यक छ । सिँचाइको सुविधाको भनेको वर्षामा जम्मा भएको पानी र नदी नै दुईवटा आधार हो । नदीबाट सिँचाइका लागि बाँध बाँध्नु पर्छ । त्यसका लागि जमीन चाहिन्छ र मिथिलाको जमीन यति न उब्जाउ छ कि हामीले जमीन छोड्न नै चाँहदैनौ । किनभने जनसङ्ख्याको दबाव छ । नदीबाट सिँचाइ गर्नका लागि चुरिया र महाभारतबाट सुरू गर्नुपर्छ । तर समस्या यो छ कि संसारका सबैभन्दा काँचो पहाड हिमालय हो र हिमालयभन्दा पनि बढी काँचो महाभारत र महाभारतभन्दा पनि बढी काँचो चुरिया हो । यस्तो काँचो पहाडमा स्टोरेजड्याम बनाउन धेरै समस्या छ । तर यसका लागि प्रकृतिले राम्रो उपाय गरिदिएको छ । जस्तो जमीनको माथिल्लो तहमा पानीलाई सञ्चय गरेर जमीनको तल्लो तहमा राखिदिएको छ । समस्त चुरिया शृङ्खलालाई सिंक भनिन्छ । जसरी बालुवामा पानी हाल्यौं भने सबै पानी सोसिन्छ र त्यसलाई सोखता भनिन्छ ।

यस्तै, वर्षाको सोखता हो चुरिया । जसले जमीन भित्रका पानीलाई सञ्चय शक्तिलाई बढाउँछ भने त्यसबाट नेपालको मिथिलामा मात्र होइन, सम्पूर्ण इण्डोग्यागनेटिक प्लेन (दिल्लीदेखि बङ्गालका खाडी र ब्रह्मपुत्रसम्मका क्षेत्र) जमीन भित्रका पानीको सञ्चयको सोखता चुरिया हो । अब यो सोखतालाई हामीले नाश गरिरहेका छौं । सोखतालाई जीवन्त बनाउन, जसलाई गेग्रान भनिन्छ, त्यहि माटो सोखताको काम गर्छ । अर्को कुरा त्यहाँको रूख-वृक्षको जराले सोखताको काम गर्छ । तत्कालीन फाइदाका लागि हामीले यी दुवैको विनाश गर्नमा लागेका छौं । यस सम्बन्धमा एउटा कथा छ–सुनको अण्डा दिने कुखुरकाको कथा । एउटा कुखुरा थियो । उसले सुनको अण्डा दिन्थ्यो । एकजना बेबकुफले के सोच्यो भने यसले एक दिनमा एउटा मात्र अण्डा दिन्छ । यदि यसलाई काट्यौं भने एक्कै पटकमा धेरै अण्डा निकाल्न सकिन्छ । यसले त्यहि गर्‍यो र हामीले पनि यस्तै गरिरहेका छौं । चुरियामा जुन ठाउँमा ढुङ्गा, बालुवा र माटो बेचेर धनी हुने धुनमा छौं कि सुनको अण्डा दिने कुखुरालाई जसरी उसले मारेको छ । यसको अर्थ के हुनेछ भन्ने त्यो हामीले बुझिरहेका छैनौं । हिजो कस्तो परिणाम हुनेछ । त्यसको बारेमा चिन्ता कसैलाई छैन । यस विषयामा चिन्ता नहुने कारण हो कि नीति-निर्माणमा कृषिसँग सम्बन्धित व्यक्तिहरू नहुनु । त्यसैले त्यस विषयमा छलफल र योजना बन्दैन । देशमा नीति-निर्माण बनाउने व्यक्ति मध्ये अधिकांश पुरोहिती गरेका छन् । ठगी वा दलाली गर्दै आएका हुन् । उनीहरू कहिले हलो नजोतेका, गोरू नदेखेका, गाई नदुहेका र कहिले गोबर नफालेका छन् । यस्तो मानिसहरूले देशको नीति-निर्माण बनायो भने उसलाई के थाहा कि कृषि कसरी गरिन्छ ?

जुन व्यक्तिले टाउकोमा गोबरको टोकरी उठाएको छैन्, उसले कसरी थाहा पाउँछ कि गाउँमा चरण क्षेत्रको अभावमा के असर पर्छ ? भैंसी खोला (डबरा) मा कसरी बस्दछ, उसलाई के थाहा ? जुन व्यक्तिले गर्मीमा भैंसीलाई नुहाउन लगेन भने उसले डबराको महत्व बुझ्न सक्दैन् । आधुनिक मानिसहरू भन्दछन् कि डबराबाट गाउँ गन्हाउने गरेको छ र यसलाई पुरेर ब्याडमिन्टन कोर्ट बनाउनु पर्छ । उनीहरूका लागि ब्याडमिन्टन नै ठूलो महत्वको विषय हो । किनभने, भैंसी कहिले देखेका पनि छैनन् । र कहिले देखेको भएपनि नमाबको अर्थ थाहा छैन् होला । देशको नीति-निर्माण नीति-निर्धारकको राजनीति हो । देशको नीति-निर्माण शिक्षकले गर्छन, प्रोफेसरले गर्छन्, प्रशासक र पत्रकारले गर्छन् । देशको नीति-निर्माण विद्वान र विज्ञहरूले गर्छन् । राजनीतिकर्मीले त निर्णय मात्र लिने गर्छन् । यदि तपाईंले नीति-निर्माण गर्नु भएन भने त त्यसभन्दा बाहिर गएर निर्णय गर्न सक्नु हुन्न । जिन्दगीमा कुनै रूपले कृषिमा नजोडिएका व्यक्तिहरूको दबदबा र बाहुल्य रहँदै आएको छ । बाहुल्य उनीहरूको भएको छ जो कुनै पनि हिसाबले कृषिसँग सम्बन्धित नै छैनन् । चुरियाको एउटा ठूलै समस्या यही भएको छ ।

सिँचाइसँग सम्बन्धित अर्को कुरा के हो भने चुरियाको यस्तो हालत छ, त्यसैले पानीको स्तर धेरै तल गइरहेको छ । किनभने पानी निकाल्ने दर बढी छ भने राख्ने दर कम छ । हामीले राख्छौं दस र निकाल्छौं बीस, अनि पानीको दर घट्नु स्वभाविकै हो । अब पानीको तह कम हुँदै गयो भने हात वा खुट्टाबाट निकाल्ने कुरा आउँदैन् । त्यसका लागि ऊर्जा अर्थात् बत्ती चाहिन्छ । यहाँ लगानी र प्रतिफलको प्रसङग आउँछ । अर्थशास्त्रको हिसाब सुरू हुन्छ । पानी निकाल्न पम्प चाहियो, त्यसको भाडा चाहियो र भाडाका लागि त्यसअनुसार आम्दनी छ कि छैन् । यस्तै, पम्पमा लगानी गर्नेले पनि आफ्नो नाफा अवश्य जोड्छन् । बहुप्रभावित अर्थतन्त्र त भयो तर कृषकलाई यी सबैको दबाब पनि बढ्दै जान्छ । भनाईको मतलब, कृषिसँग असंलग्न व्यक्तिको गुजाराको दबाब कृषकमाथि पर्दै जानेछ । उसको काँधमा बोझ बढ्दै जान्छ । अर्थशास्त्रमा एउटा सिद्धान्त छ कि जति बढी रोजगार सृजना हुन्छ, आर्थिक रूपले त्यति नै राम्रो असर पनि हुन्छ । तर यो त्यतिखेर हुन्छ जब सबैलाई लाभ बराबर रूपले बाँडिन्छ । जबसम्म आम्दानीमा असन्तुलन रहन्छ, कम आम्दानी गर्ने व्यक्तिलाई उल्टै बढी बोझ उठाउनु पर्छ । र बढी लाभ हुने व्यक्तिलाई कमबोझ उठाउनु पर्छ ।

> सिँचाइसँग सम्बन्धित अर्को कुरा के हो भने चुरियाको यस्तो हालत छ, त्यसैले पानीको स्तर धेरै तल गइरहेको छ । किनभने पानी निकाल्ने दर बढी छ भने राख्ने दर कम छ । हामीले राख्छौं दस र निकाल्छौं बीस, अनि पानीको दर घट्नु स्वभाविकै हो । अब पानीको तह कम हुँदै गयो भने हात वा खुट्टाबाट निकाल्ने कुरा आउँदैन ।

बैंकले ब्याज लिएर ऋण दिन्छ र सबैभन्दा कम बोझ उसैलाई उठाउनु पर्छ । बैंकबाट ऋण लिएर ट्रयाक्टर चलाउँछन् । उसलाई बैंकबाट केही बढी बोझ उठाउनुपर्छ र बैंकबाट केही कम आम्दानी हुन्छ । यस्तै, ट्रयाक्टरबाट खेत जोत्नका लागि भाडामा लिएर अझ बढी बोझ उठाउनु पर्ने हुन्छ । किनभने बाढी आयो भने बगाएर लग्यो । सुख्खा भयो भने केही पनि हुँदैन् तर उसलाई ट्रयाक्टरको भाडा दिनु पर्नेछ ।

यसका कारण अर्थशास्त्रको सिद्धान्तका अनुसार कृषकको टाउकोमाथि धेरै बोझ रहने गर्छ । जनताको बोझ उसैमाथि, लगानीकर्ताको बोझ उसकै टाउकोमा, ट्रयाक्टरका ड्राइभरको बोझ उसैमाथि, ट्रयाक्टरलाई मर्मत गर्ने मिस्त्रीको बोझ, ट्रयाक्टरको डिजल बेच्ने पम्पको बोझ र त्यसपम्पका अपरेटरको बोझ । सबै बोझ उठाउने मात्र एक कृषक छन् । अनि तपाईंले कसरी आशा गर्न सक्नुहुन्छ कि उसले खेती गर्न सक्छ र राम्ररी खेती गर्न सक्छ । बोझको पनि केही न केही सीमितता हुन्छ । जब ज्यानभन्दा ठूलो बोझ हुन्छ भने बोझलाई उठाउने हिम्मत रहँदैन् र यसलाई उठाउनको कम्मर भाँचिन्छ । त्यस रूपमा नेपालका कृषकको कम्मर भाँचिएको अवस्थामा छन् मिथिलामा र सम्पूर्ण नेपालमा ।

क्रमशः

# नेपाल र भारतबीच समदूरी होइन, सन्तुलित सम्बन्ध बनाउनुपर्छ

**नेपालले भारतमा आफ्ना राजदूत पठाउँदा मधेशकै कुनै विद्वान व्यक्ति पठाउनुपर्ने हो, जसले नेपालको हित राम्ररी बुझेका छन् र भारतको पनि हित बुझेका छन्। दुईटैको हित बुझेर राम्ररी काम गर्ने मधेशका कोही विद्वान व्यक्तिलाई नेपालले राजदूतको रूपमा पठायो भने त्यसले धेरै सफलतापूर्वक काम गर्न सक्छ।**



डा.रामभक्त पी.बी. ठाकुर
पूर्वराजदूत

**० नेपालमा अहिले दुई तिहाई बहुमतको सरकार आएदेखि छिमेकी मित्रराष्ट्र भारतसँगको सम्बन्ध कस्तो पाउनुभएको छ ?**

– दुई तिहाईको सरकार आएपछि नेपालले जसरी सन्तुलित रूपमा भारतसँग हिंड्नुपर्ने थियो, नीतिहरू अपनाउनु पर्ने थियो, त्यो दिशामा यो सरकार अलि चुकेको छ। यो सरकारको झुकाव बढी उत्तर तिर देखियो। त्यसले गर्दा बीचको जुन सन्तुलन र असहज स्थिति थियो यसैको कारणले हो। पछि सरकारले यसलाई महसुस गरेर विमिस्टेकमा आफ्नो प्रभाव र सहभागिता देखायो। किनभने नेपालको समग्र विकासका लागि भारतको जतिकै आवश्यक्ता छ जति चीनको जरूरत छ। तर, भारत र चीनलाई कसरी सन्तुलित गर्ने भन्ने कुरा देशको जनताको आकांक्षामा निर्भर गर्दछ।

**० त्यसोभए, नेपालको परराष्ट्र नीतिलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– नेपाल र भारतबीचको एउटा समदूरीको सम्बन्ध हो भनेर पहिले भनिन्थ्यो त्यो अब रहेन। भारत र नेपालको समदूरीको सम्बन्ध होइन। भारत र नेपालको सन्तुलित सम्बन्ध हो। कहिलेकाँही भारततिर राम्रो भएको देखिन्छ भने कहिलेकाँही चीनतिर देखिन्छ। तर, यसमा सन्तुलन बनाउनुपर्छ न कि समदूरी। समदूरी भनेको बहुतै कन्जर्भेटिभ शब्द हो। सम्बन्धलाई सुमधुर बनाएर देश र जनताको आकांक्षालाई लिएर हिंड्नुपर्छ।

**० तपाइँ भारतका लागि कार्यवाहक राजदूतको रूपमा पनि कार्य गरिसक्नुभएको छ। आफ्नो जीवनको लामो समय परराष्ट्र सेवामा योगदान दिनुभयो। वर्तमान अवस्थामा नेपालप्रति भारतको नीतिमा परिवर्तन आएको हो ?**

– म नेपालको परराष्ट्र सेवामा करिब ३०/३५ वर्ष काम गरें। त्यस दौरानमा दिल्लीमा कार्यवाहक राजदूत हुँदा मैले भारतलाई बुझ्ने अवसर पाएँ। नेपालको समस्या के हो, भारतको हेर्ने दृष्टिकोण के हो लगायतका विषयमा भित्र पसेर राम्ररी बुझें। त्यो बुझेपछि मलाई के लाग्यो भने भारत नेपालँग आफ्नो स्वार्थको रूपमा सुरक्षालाई धेरै ध्यान दिदै आएको छ। त्यसैले भारत यदि नेपालसँग केही चाहन्छ भने पहिलो चीज हो सुरक्षा र अर्को कुरा इकोनोमिक पार्टनरसिप। यी दुईटै कुरामा हामी ध्यान दियौं भने भारतसँग हाम्रो सम्बन्ध कहिल्यै पनि खराब हुँदैन। अझ राम्रो भएर जान्छ।

**० अहिले भारतका लागि नेपाली राजदूतको रूपमा निलाम्बर आचार्य सिफारिश हुनुभएको छ। नेपाल र भारतबीच अझ सुमधुर सम्बन्ध बनाउन उहाँका चुनौतीहरू कति देख्नुहुन्छ ?**

– यो त उहाँको व्यक्तिगत क्षमता, कुशलता, ज्ञान र प्रयासमा निर्भर पर्छ। तर, उहाँका अगाडि धेरै चुनौतीहरू छन्। उहाँले यो राम्ररी बुझ्नु भएकै होला। भारत र नेपालको बीचमा उहाँले सामना गर्नुपर्ने केही समस्याहरू बहुत टड्कारो रूपमा छन्। जस्तै, के कारणले नेपाल इरिटेड हुन्छ, किन हामी भारतप्रति नकारात्मक दृष्टिकोण बनाउँछौं। त्यसको समाधानका लागि मेचीदेखि महाकालीसम्म सीमाको राम्ररी व्यवस्थापन हुनुपर्छ। अक्सर सीमा क्षेत्रमा रहेका नेपालीले महसुस गर्छन् कि कहीं कहीं भारतले सीमा मिचेको छ। त्यसलाई दुवै देशकै उच्चस्तरबाट वैज्ञानिक तरिकाले समाधान गरिनु पर्छ। दोस्रो कुरा व्यापार घाटा हो। हामीले एक रूपैयाँ पठाउँछौं भने सात रूपैयाँ मगाउँछौं। त्यसैले, नेपालबाट निर्यात बढाउने र आयात कम गर्ने रणनीति बनाउनुपर्छ। तेस्रो चुनौती भनेको नेपालमा भारतीय लगानी बढीभन्दा बढी आओस् भन्ने वातावरण बनाउनुपर्छ। चौथो कुरा भारतको सुरक्षा हो। भारतको सुरक्षा आतंकवादीसँग धेरै सम्बन्धित छ। कुनै किसिमबाट पनि आतंकवादी क्रियाकलापहरू नेपालको भूमिबाट भारततिर जानु हुँदैन। त्यसमा उहाँ सक्रिय र सचेत हुनुपर्छ। यदि भारतको सीमामा अन्य देशहरू पुग्यो भने निश्चयरूपमा भारतको सुरक्षामा असर पर्न सक्छ। जबसम्म यस्ता समस्याहरूलाई दीर्घकालीन समाधान गरिँदैन तबसम्म सम्बन्धमा सुमधुरता आउँदैन।

**० बेला-बेलामा जसरी सीमा विवादका कुराहरू आउँछन्, यसलाई दीर्घकालीन समाधानका उपायहरूबारे किन पहल हुँदैन ?**

– यस विषयलाई जनताले जति महत्व दिएका छन्, त्यसरी सरकारले महत्व नै दिएको छैन। यो समाधान गर्न नसक्ने कुरा होइन। किनभने अधिकांश ठाउँमा सीमा रिडिङ्ग गरिएको छ, बकायदा कागजमा नोट छ, कति डिग्री कता हो भनेर। म आफै पनि सीमामा हाकिम भएर जाँदा धेरै ठाउँमा सच्याएको छु। दुई चार ठाउँमा अलि अप्ठ्याराहरू छन्। जस्तै, सुस्ता, कैलाली, कालापानी लगायतका ठाउँमा अलि समस्याग्रस्त छ। त्यसमा अलि विशेष ध्यान दिनुपर्ने हुन्छ। तर, बाँकी ठाउँमा वैज्ञानिक रूपले मिलेको छ।

**० भारतले सीमा मिच्यो भन्ने कुराहरू आउँछन्, तर चीनले पनि नेपालको सीमा मिचेको छ। ती कुराहरू किन बाहिर आउँदैनन् ?**

– सीमा मिचेको भन्ने शब्द म त्यति मन पराउँदिन। सीमा मिचेको जस्तो देखियो, मिचेको पनि होला तर त्यसका लागि दुवै देशका अधिकारीहरूले मिलेर समाधान निकाल्नुपर्ने हुन्छ।

**० नेपाललाई ल्याण्डलक्ड कन्ट्रि भनिन्छ। यो ल्याण्डलक्ड कन्ट्रिलाई ल्याण्डलिंक्ड कन्ट्रिको रूपमा किन सदुपयोग गर्न सकिएन ?**

– ल्याण्डलिंक्ड शब्द राम्रो हो र गर्न पनि सकिन्छ। अहिलेसम्म इण्डिया लिंक्ड नै हो। उत्तरतिर हामीले खोलेकै छैनौं। एउटा तातोपानीको नाका थियो त्यो पनि ध्वस्त भयो। अब मुस्ताङ र रसुवाबाट खोल्ने भनिएको छ। अर्थ कम छ र राजनीतिक कुरा बढी लागिरहेको छ। त्यो गरेर देशलाई राम्रो हुनुपर्‍यो। तर, त्यसको सदुपयोग राम्रो उद्देश्यले गर्नुपर्छ।

**० भनेपछि, ल्याण्डलिंक्डको रूपमा नेपालले फाइदा लिन सक्ला त ?**

– अहिले चलिरहेको कार्यक्रमअनुसार चीनको बीआरआई (बेल्ट रोड इनिसिएटिभ) छ, यस्तो किसिमले खर्बौंखर्ब ऋण यदि नेपालको टाउकोमा आउँछ भने त्यो हामीले विचार गर्नुपर्ने कुरा हो। नेपालको इकोनोमीले धान्न सक्छ कि सक्दैन, हाम्रो त्यति आर्थिक क्रियाकलाप छ कि छैन, पछि बनाउन सक्छौं कि सक्दैनौं, कि ऋण डुबेर खत्तम हुने हो यी सब कुराहरू हेरेर एकै चोटि ठूलो क्रियाकलाप गर्नुभन्दा विस्तारै गरेको राम्रो हुन्छ।

**० नेपालमा जसरी भारतको लगानीहरू आउँछन्, त्यो कतिपय परियोजनाहरू समयमा सम्पन्न हुँदैन, अलपत्र परिरहेको हुन्छ। यसमा कमजोरी कहाँ देख्नुहुन्छ ?**

– यसमा सरकार र लगानी गर्ने पक्षको पनि कमजोरी रहेको हुन्छ। जो मान्छे लगानी गर्न आउँछ उसले आफ्नो फाइदा सोचिरहेको हुन्छ। फाइदा भयो भने फटाफट सबै काम भइहाल्छ। यसले गर्दा मान्छेहरू बहुत निरूत्साहित हुन्छन्। अहिले नेपालमा विदेशी लगानी किन भइरहेको छैन भने यहाँ अलि राम्रो वातावरण छैन। यहाँ मान्छेले सुरक्षा महसुस गरिरहेको छैन। लगानीकर्ताको लगानीको सुरक्षा प्रत्याभूति हुँदैन तबसम्म लगानी गर्दैन। यसका लागि लगानीमैत्री वातावरण बनाउनुपर्छ। त्यो अहिलेसम्म सरकारले दिन सकेको छैन।

**० नेपालले भारतसँग अझ सम्बन्ध सुमधुर बनाउन वा भारतीय लगानी भित्र्याउन कस्ता राजदूत पठाउनुपर्ने हो ?**

– नेपालले भारतमा आफ्ना राजदूत पठाउँदा मधेशकै कुनै विद्वान व्यक्ति पठाउनुपर्ने हो, जसले नेपालको हित राम्ररी बुझेका छन् र भारतको पनि हित बुझेका छन्। दुईटैको हित बुझेर राम्ररी काम गर्ने मधेशका कोही विद्वान व्यक्तिलाई नेपालले राजदूतको रूपमा पठायो भने त्यसले धेरै सफलतापूर्वक काम गर्न सक्छ। जसले नेपालको मात्रै वा भारतकै मात्रै हित हेर्छ उसले सफलतापूर्वक काम गर्न सक्दैन। त्यसैले नेपाल र भारतको हित बुझ्ने व्यक्तिलाई नेपालले राजदूतको रूपमा पठायो भने त्यसले दुवै देशलाई हित गर्न सक्छ। किनभने हाम्रो आर्थिक समृद्धि, भविष्य र सुख सँगसँगै गाँसिएको छ।

**० मधेशका त्यस्ता विद्वत व्यक्ति किन बाहिर आउँदैनन् त ?**

– हेर्नुस्, राम्रो मान्छेले मलाई राजदूत पठाइदेउ भन्दैनन् र जो मान्छेले राजदूतको रूपमा पठाइदिनुस् भन्छन् त्यो राम्रो मान्छे नै होइन। मधेशमा थुप्रै विद्वान व्यक्तिहरू छन्, जसले राष्ट्रको हितमा र भारतको पनि हित राम्ररी बुझेर काम गर्न सक्नछन्। म मात्रै होइन, मभन्दा पनि राम्रा-राम्रा मान्छेहरू छन्। तर, राष्ट्रले उसलाई ल्याउनुपर्छ। किनभने राम्रो कहिल्यै पनि भिख मागेर हिंड्दैन।

**० भनेपछि, अहिलेसम्म राज्यले त्यस्ता मान्छेहरूको पहिचान गर्न सकेको छैन। आफ्ना आसेपासेहरूलाई मात्र मौका दिने गरेको छ ?**

– त्यो त हो। जो कुनै पार्टीका सदस्य हुन् वा नजिक छन् त्यस्ता मान्छेहरू मात्र जान्छन्। उसले त्यहाँ गएर पार्टीको मात्रै हित गर्छ, राष्ट्रको हित उसको ध्यानमै हुँदैन। अहिलेसम्म जति पनि राजदूत त्यहाँ गएका छन् सबैको रेकर्ड नराम्रो नै देखिएको छ। त्यसले गर्दा राष्ट्रको प्रतिष्ठा पनि गुमाइरहेका छौं र राजदूतको जुन प्रतिष्ठा हुन्छ त्यो त खत्तम नै भइसकेको छ।

**० दुई देशबीचको सम्बन्ध अझ सुमधुर बनाउन नेपाल र भारतबीच गठन भएको प्रबुद्ध व्यक्ति समूहले बुझाएको प्रतिवेदन किन सार्वजनिक नभएको होला ?**

– त्यो प्रबुद्ध व्यक्तिको समूह नै अधुरो थियो। सीमा क्षेत्रको समस्या र सन् १९५० को सन्धि अध्ययन गर्नका लागि त्यो प्रबुद्ध व्यक्तिको समूह बनाइएको थियो। त्यो समूहमा नेपालको तर्फबाट एउटा पनि मधेशका मान्छे थिएन। त्यसैले अधुरो दृष्टिकोण नेपालको पहिले नै देखियो। तर भारतको पक्षमा हेर्नुस्, त्यसमा नेपाली जान्ने एउटा उप्रेती, एउटा लामाजी हुनुहुन्छ। त्यस्तै, त्यस क्षेत्रका समस्या बुझेका मधेशका पनि दुई जना विद्वानलाई नेपालले आफ्नो तर्फबाट सदस्य बनाइदिएको भए राम्रो हुन्थ्यो। तर, मधेशका मान्छेलाई सरकारले विश्वासै गर्दैन। भन्ने बेलामा यो देश सबै नेपालीको हो भन्ने तर, व्यवहारमा विभेद गर्ने। नेपालमा मधेशका मान्छेलाई यो तपाइँको देश हो भन्ने तर दिने बेलामा जम्मै पहाडका मान्छेलाई दिने गरिन्छ।

**० भनेपछि, सीमा क्षेत्रको समस्या नबुझ्ने व्यक्तिहरू त्यो प्रबुद्ध व्यक्तिको समूहमा थिए ?**

– प्रबुद्ध व्यक्तिको समूहले बुझाएको प्रतिवेदन किन सार्वजनिक भएन त्यो त म भन्न सक्दिँन। त्यसमा मधेशकै मान्छे नभएर त्यो प्रतिवेदन सार्वजनिक नभएको हो भनेर म भन्दिँन। तर, त्यो प्रतिवेदनमा दृष्टिकोण के राखेको छ। तर, त्यस समूहमा मधेशको विद्वान मान्छे राखेको भए अवश्य पनि त्यहाँ दृष्टिकोण फरक हुन्थ्यो र स्वीकारयोग्य कुराहरू जान्थ्यो होला। त्यो प्रतिवेदनमा अवश्य पनि केही न केही कुरामा चित्त बुझेको छैन त्यसले गर्दा सार्वजनिक हुन ढिलो भइरहेको छ। हुन अहिले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी चुनावमा धेरै व्यस्त हुनुहुन्छ। तर, त्योभन्दा अगाडि प्रतिवेदन आउन सक्थ्यो होला। हुनसक्छ यस्ता-यस्ता कुराहरू होलान् जसले भारतलाई धेरै नै नोक्सान पर्ने होला। त्यसले त्यसलाई अझ अध्ययन र विचार गर्नका लागि रोकिएको होला।

**० तपाइँ जसरी भारतका लागि नेपाली कार्यवाहक राजदूतको रूपमा काम गर्नुभयो, कस्तो अनुभव रह्यो त ?**

– मैले आफ्नो अनुभव भनें भने तपाइँ विश्वासै गर्नुहुन्न। भारतजस्तो सजिलो देश नेपालका लागि कहीं छँदैछैन भन्ने मलाई लाग्छ। त्यहाँ काम गर्न एकदम सजिलो, मान्छेहरू एकदमै मित्रपूर्वक व्यवहार गर्ने र नेपालको दुःखमा खडा हुने मान्छेहरू छन्। कुरा के आउँछ भने तपाइँको नजरिया के हो, व्यवहार के हो, एप्रोच के हो र तपाइँ कसरी भारतको सम्वेदनशीलतालाई ध्यानमा राखेर काम गर्नुहुन्छ। यदि त्यसो गर्नुभयो भने भारतजस्तो मित्र कहीं छैन। भारत एउटा कल्पवृक्ष हो। कल्पवृक्षमा तपाइँ गएर हे कल्पवृक्ष तपाइँ मलाई यो देउ भनेपछि आइहाल्छ। त्यस्तै, नेपालले भारतसँग जहिले पनि जे माग्छ, त्यो दिन तयार हुन्छ। नेपालको दुःखसुखमा खडा हुने देशको भारत हो। त्यसलाई हामी नबुझेर गलत किसिमले व्यवहार गरेको हुनाले हामी दुःख पाइरहेका छौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

---

☞ नेपाल र भारतबीचको एउटा समदूरीको सम्बन्ध हो भनेर पहिले भनिन्थ्यो त्यो अब रहेन। भारत र नेपालको समदूरीको सम्बन्ध होइन। भारत र नेपालको सन्तुलित सम्बन्ध हो।

☞ म नेपालको परराष्ट्र सेवामा करिब ३०/३५ वर्ष काम गरें। त्यस दौरानमा दिल्लीमा कार्यवाहक राजदूत हुँदा मैले भारतलाई बुझ्ने अवसर पाएँ। नेपालको समस्या के हो, भारतको हेर्ने दृष्टिकोण के हो लगायतका विषयमा भित्र पसेर राम्ररी बुझें।

☞ भारत यदि नेपालसँग केही चाहन्छ भने पहिलो चीज हो सुरक्षा र अर्को कुरा इकोनोमिक पार्टनरसिप।

☞ सीमा विवादका विषयलाई जनताले जति महत्व दिएका छन्, त्यसरी सरकारले महत्व नै दिएको छैन। यो समाधान गर्न नसक्ने कुरा होइन।

☞ मधेशमा थुप्रै विद्वान व्यक्तिहरू छन्, जसले राष्ट्रको हितमा र भारतको पनि हित राम्ररी बुझेर काम गर्न सक्नछन्। म मात्रै होइन, मभन्दा पनि राम्रा-राम्रा मान्छेहरू छन्। तर, राष्ट्रले उसलाई ल्याउनुपर्छ।

☞ अहिलेसम्म जति पनि राजदूत त्यहाँ गएका छन् सबैको रेकर्ड नराम्रो नै देखिएको छ। त्यसले गर्दा राष्ट्रको प्रतिष्ठा पनि गुमाइरहेका छौं र राजदूतको जुन प्रतिष्ठा हुन्छ त्यो त खत्तम नै भइसकेको छ।

# मधेशी आयोगले मधेश र राज्यबीच पुलको काम गर्छ



## सुनिलरञ्जन सिंह

### तत्कालीन स्थानीय पुनर्संरचना आयोगका सदस्य तथा अधिवक्ता

**० मधेशी आयोगको अध्यक्षमा सरकारले डा.विजय कुमार दत्तलाई सिफारिस गरेको छ यसलाई तपाईले कसरी लिनुभएको छ ?**

– देशमा मधेशका समस्या समाधानका लागि मधेशी आयोग पनि नबन्नु दुर्भाग्यको कुरा थियो । मधेशी आयोग गठन गर्नका लागि तात्कालीन अन्तरिम संविधानमा रहेको व्यवस्थालाई पहिलो पटक सर्वोच्चमा लिएर जाँदा सर्वोच्चले मुद्दा दर्ता गर्न मानेको थिएन । यसका विरूद्धमा पनि पुनः मुद्दा दर्ता गरी चार वर्षको अन्तराल पछि मुद्दाले जीत हासिल गऱ्यो । जसले गर्दा नयाँ बन्ने संविधानमा मधेशी आयोग राख्नै पर्ने संसद तथा सम्पूर्ण दलहरूलाई बाध्यात्मक परिस्थितिको सृजना भयो । जसको प्रभावले थारू आयोग तथा मुस्लिम आयोग बन्न पुगे र तत्काल मधेशी आयोगको अध्यक्षमा सरकारले सिफारिस गरेको छ जुन मधेशी जनताका लागि सकारात्मक कुरा हो ।

**० मधेशी आयोगका कार्य क्षेत्रहरू के–के हुनेछ ?**

– मधेशी आयोगले मधेशका समस्याहरू समाधानका लागि राज्यसँग सिफारिस गर्नेछ । साथै मधेशमा भएको मानवअधिकार उल्लघंनको विषयलाई पनि अनुसन्धान गरेर सरकार, राष्ट्रिय मानवअधिकार आयोग तथा सम्बन्धित पक्षलाई यसले सिफारिस गर्छ । अर्थात मधेशको खाडल र राज्यको खाडलको बीचमा यसले पुलको काम गर्नेछ ।

**० यसले मधेशका समस्याप्रति सरकारलाई सल्लाह सुझाव मात्र दिने हो कि सिफारिस पनि गर्नेछ ?**

– हो, यसको यति मात्र अधिकार हुन्छ । आज मधेशी को हो भनेर जिल्ला प्रशासन कार्यलयमा गएर सिफरिस लिनुपर्ने हुन्छ । वास्तविक मधेशी को हो र को होइन भन्ने विषयमा अनुसन्धान गरेर सिफारिस गर्ने काम पनि अब मधेशी आयोगले गर्नेछ ।

**० यो भन्दा पहिला पनि विभिन्न आयोगहरू गठन भएका छन् र तिनले सरकारलाई सिफारिस त गर्छ तर सरकारबाट कार्यान्वयन नहुँदा नाम मात्रका आयोगहरू बनेका छन् नि ?**

– मुद्दाहरू उठान भएर सिफारिस हुनु पनि ठूलो कुरा हो । तर सिफारिस मात्र होइन यसको कार्यान्वयन पनि हुनुपर्छ तर सरकारको स्वभाव नै हामी मालिक हो हामीलाई मन लागेको बेला कार्यान्वयन गर्छौ नलागेको बेला गर्दैनौ भन्ने छ । तर, कतिपय कुराहरूमा आयोगले कारवाही गर्न सक्दैन भने पनि सरकारको सिफारिसको आधारमा कारवाही गर्नै पर्ने हुन्छ । कुनै विषयहरू यस्ता हुन्छन् सिफारिस भएर पनि सरकारबाट कार्यान्वयन हुँदैनन् । तर, यो कार्यान्वयन गराउनु हाम्रो कर्तव्य हो । सिफारिस एउटा दस्तावेजको रूपमा रहेको हुन्छ । यदि यी दुवै हुँदैन भने कार्यान्वयनका लागि हामी कहाँ जाने ? त्यसैले यसलाई सकारात्मक रूपमा लिनुपर्दछ ।

**० आयोगमा पार्टी निकटका व्यक्तिहरू सिफारिस गरिदा त्यस्ता सिफारिशहरू निष्पक्ष हुन्छ त?**

– जुन समयमा व्यक्ति नियुक्ति हुन्छ त्यस बेलादेखि उ कुनै पनि दलसँग आबद्ध हुनुहुँदैन भन्ने संवैधानिक व्यवस्था छ । तर, हाम्रो देशको बिडम्बना, जो पार्टी नजिक हुँदैन उसको नाम सिफारिश नै हुँदैन । तर आफू त्यो ठाउँमा गएर संवैधानिक जिम्मा लिइसकेपछि स्वतन्त्र र निष्पक्ष भएर काम गर्नुपर्छ । यो व्यक्तिमा भर पर्ने कुरा हो ।

**० केपी ओली मधेश विरोधी हुन् भन्ने धारणा मधेशमा हुँदाहुँदै पनि ओली नेतृत्वको सरकारले नै मधेशी आयोग गठन गरेको छ?**

– सरकार जसको भएपनि यो काम गर्नै पर्ने थियो । किनकि संविधानले नै यो आयोग गठन गर्ने भनिसकेको थियो । यसको ऐन पनि बनिसकेको थियो । खासमा कांग्रेसको सरकार हुँदै गठन हुनु पर्ने हो तर अलिकति ढिला भएको हो । यसमा कसैलाई विशेष धन्यवाद दिनु पर्ने होइन । सरकारको एक अंगले आफ्नो कर्तव्य पूरा गरेको हो ।

**० भनेपछि यो केपी ओलीको मधेश प्रतिको लगाव नभई एक प्रक्रिया मात्र हो ?**

– यो एक संवैधानिक व्यवस्थालाई र त्यस सम्बन्धित कानुनी व्यवस्थालाई प्रक्रियागत रूपमा पूरा गरेको मात्र हो ।

**० मधेशी आयोगमा कस्ता व्यक्तिहरू चयन गरिनु पर्छ ?**

– छनोट हुने व्यक्ति उक्त विषयमा विज्ञ हुनुपऱ्यो, स्वतन्त्र, राष्ट्रिय ख्याति प्राप्त हुनु पर्छ र उसको दृढता आयोगमा गएपछि संवैधानिक आयोगको रूपमा काम गर्ने, आचरण राम्रो भएको र आजसम्म कुनै पनि नैतिक दायित्वको मुद्दाहरू नलागेको हुनुपर्छ ।

**० आयोगमा सदस्यहरू कति रहन्छन् ?**

– आयोगका अध्यक्ष बाहेक प्रत्येक आयोगमा चार जना रहन्छन् । ती सदस्यहरू समावेशी आधारमा राख्नुपर्ने हुन्छ ।

**० आयोगका कार्यालय कहाँ रहनु पर्छ ?**

– काठमाडौंमा नै रहन्छ होला । वास्तवमा जहाँ पनि रहन सक्ने हो तर काठमाडौं केन्द्रित नै रहने गरी कानूनमा व्यवस्था गरिएको छ ।

**० काठमाडौंमा नै राखियो भने त नाम मात्रको मधेशी आयोग हुने भयो नि ?**

– कानुनमा यहि किसिमको प्रावधान छ । यसलाई सच्यायर वा संशोधन गरेर सम्बन्धित ठाउँसम्म पुऱ्याउनु पर्छ । यदि यसो नभए संघीयताको मर्म अनुसार र सम्बन्धित समुदायको लागि मधेशी आयोग गठन भएको कुनै औचित्य रहँदैन ।

**० आयोगको मुख्य उद्देश्य के हो ?**

– यसको मुख्य उद्देश्य भनेको मधेशीको पहिचान दिँदै शिक्षा, रोजगारमा वृद्धि गर्नुका साथै राज्यका अंगहरूमा कसरी पहुँच बढाउन सकिन्छ ।

**० अहिलेको सरकारको कार्यशैलीलाई तपाईले कसरी विश्लेषण गर्नुहुन्छ ?**

– अहिलेको सरकारको काम गराई सन्तोषजनक छैन । नेपालको इतिहासमै शक्तिशाली सरकारले पनि जनताको भावना जित्न र जनताको अपेक्षा अनुसार काम गर्न सकेको छैन । जनता र देशको भविष्यलाई हेर्दै जनअपेक्षा अनुसार सुशासन, समृद्धि, विकाश लगायतका कामलाई तीव्रता दिन सकेको छैन । नारामा मात्र यस्ता विषयलाई अहिलेको सरकारले सीमित राखेको छ ।

**० प्रतिपक्षको भूमिकालाई कसरी हेर्दै हुनुहुन्छ ?**

– प्रमुख प्रतिपक्षले पनि आफ्नो भूमिका भुलेको छ । प्रतिपक्ष हुनुको आफ्नो दायित्व बिर्सेको छ । तर सरकारले प्रतिपक्षले औला उठाएपछि काम गर्नु भन्दा पनि आफ्नो दायित्व पूरा गरेर प्रतिपक्षलाई औला ठड्याउने ठाउँ नै नदिनु पर्ने हो ।

**० देशको अवस्थालाई हेर्दा मुलुकमा राष्ट्र नेताको खडेरी परेको जस्तो देखिन्छ । यस्तो अवस्थामा मुलुकले कसरी निकास पाउने त ?**

– यहि नै अवस्था रह्यो भने मुलुकले निकास पाँउदैन । यो सरकारले जति वचनबद्धताका साथ मत लिएको थियो त्यस अनुसार काम गर्नुपर्ने हुन्छ । गऱ्यो भने यसले अरू निर्वाचनहरूमा पनि जीत हासिल गर्छ । होइन भने आउने निर्वाचनमा नै यो पतन भएर जानेछ ।

**० मधेशका मागलाई समेटेर संविधान संशोधन हुन्छ जस्तो लाग्छ ?**

– यही अवस्थामा सरकारले संविधान संशोधन गर्दैन । छ महिनासम्म आन्दोलन गर्दा संशोधनको कुरा उठेन भने अब त झन् कुनै आश गर्न सकिँदैन ।

**० तर, फोरम त संशोधनकै लागि सरकारका गएको दाबी गर्छ नि ?**

– खाने दाँत र देखाउने दाँत फरक फरक भए जस्तै हो । सुविधा लिनको लागि नेताले भनिरहन्छन्, तर गराई जनताले देखेकै छन् ।

**० जनताको असन्तुष्टिका बाबजुद संविधान कार्यान्वयन होला त ?**

– संविधान त क्रमिक रूपमा कार्यान्वयन भइरहेको छ । जसले संविधान मान्दैन भन्छ उसले प्रदेश २ मा सरकार बनाएर बसेको छ । ती नेताहरूले संविधानअनुसार सपथ खाए, संविधानअन्तर्गत प्रधानमन्त्रीलाई निर्वाचित गरे, यसै संविधान अन्तर्गत सरकारलाई समर्थन दिएको छ । यसरी हेर्दा कार्यान्वयन त भई नै रहेको छ । पूर्ण कार्यान्वयन एकैचोटि हुने होइन, विस्तारै हुँदै जान्छ । जुन दिन यिनीहरूको मन मिल्न छोड्छ फेरी यहि विषयलाई लिएर सर्मथन फिर्ता माग्छ । र जनतालाई आन्दोलनमा लैजान्छ र पुनः सहिद बनाउँछ ।

## नवलपरासीमा सुकुम्बासीको नाममा हुकुम्बासीले जग्गाधनी पुर्जा पाए

नवलपरासी पश्चिम । अवैध दर्ता पूर्जा बदर सुकुम्वासी संघर्ष समिति नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) ले सुकुम्बासीको नाममा हुकुम्बासीले जग्गा धनी पुर्जा लिएको भन्दै सो तत्काल बदर गर्न माग गरेको छ । २०६७ सालमा तत्कालीन मनशोभा पाण्डेको आयोगको पालामा नवलपरासी सुकुम्वासी समस्या समाधान आयोगको नाममा बितरण गरिएको जग्गामध्ये अधिकाँश जग्गा वास्तबीक सुकुम्बासी नभई कागजमा मात्र सुकुम्बासी देखाईएको सोबारे तत्काल बदर गर्न माग गरिएको हो ।

सो आयोगको पालामा बितरण गरिएको जग्गाधनी पुर्जा मध्ये केही जग्गा धनी पुर्जा सम्बन्धी कागजात अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्जा वितरणका सबै फाइल नियन्त्रण लिई रोक्का भएको अवस्थालाई मध्यनजर गर्दै सो बारे ब्यापक छान बिन गर्न माग गरिएको छ । समितीका संयोजक डोवल गुरूङ्गका अनुसार बिशेष गरी सो अवधिमा साविक सुनवल नगरपालिका क्षेत्रमा अबैध रूपमा नक्कली कागजातका आधारमा दर्जनौ ब्यक्तीहरूले सार्वजनिक जग्गा आफ्नो ब्यक्तीगत नाममा दर्ता गराउन सफल भएका छन् ।

सो मनशोभा पाण्डे आयोगको पालमा जग्गा धनी पुर्जा बितरण भएका जग्गामध्ये अधिकाशंको जग्गा धनी पुर्जा पुनरावलोकन गरी वास्तबीक सुकुम्बासी नभए सो दर्ता खारेज गनुपर्ने गुरूङ्गले माग गर्नु भएको छ । यसैगरी गुरूङ्ग स्वम आफु समेत स्थानिय तह सहित सबै सरोकारवाला सरकारी निकायबाट समेत न्यायमा परेको दाबी गरेका छन् । २०६९ सालमा साविक सुनवल ५ र हालसको सुनवल १० निवासी हर्क बहादुर कुँवर सँग खरिद गरेको ५ कट्ठा जमिन आफुले जोतभोग गर्न नपाएको भन्दै सबै सरकारी निकायमा न्यायनका लागी ढोका ढक्ढकाउदै हिडिरहेका छन् ।

## स्वयम्सेवक शिक्षक भर्ना

दिलिप कुमार यादव, कपिलवस्तु । कपिलवस्तुको मायादेवी गाउँपालिकाले ५२ जना स्वयम्सेवक शिक्षक भर्ना गरेको छ । गाउँपालिकाको दोस्रो गाउँसभाबाट आर्थिक वर्ष २०७५।०७६ मा शिक्षा क्षेत्रको विकासका लागि बजेट विनियोजन गरेको थियो । त्यहीं बजेट अनुसार थोरै निर्वाह खर्च उपल्ब्ध गराउने गरी स्वयम्सेवक शिक्षक भर्ना गरेको प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र ढकालले बताएका छन् । गाउँपालिका भित्रका सबै विद्यालयहरूको मागका अधारमा स्वयम्सेवक शिक्षकहरूको व्यावस्था गरिएको शिक्षा शाखा प्रमुख रमेश पाण्डेयले बताएका छन् । "गाउँपालिकामा शिक्षाको समग्र विकासका लागि शिक्षा क्षेत्र महात्वपूर्ण रहेकोले हामी शिक्षालाई विशेष प्रथामिकताका साथ अगाडी बढाईरहेका छौं" गाउँपालिका अध्यक्ष बजरंगी प्रसाद कुर्मीले बताएका छन् । शिक्षा क्षेत्रमा सुधार भए हामी गाउँपालिकाको समाग्र विकासमा टेवा पुग्ने चौधरी बताउँछन् ।

## ऊर्जामन्त्री पुनसँग भारतीय सचिवको भेट

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिंचाईमन्त्री वर्षमान पुनसँग भारतीय ऊर्जा मन्त्रालयका सचिव अजय भल्लाले शिष्टाचार भेटवार्ता गरेका छन् । पोखरामा हुने दुवै देशका ऊर्जा तथा जलस्रोत सचिवस्तरीय छैटौं (जोइन्ट स्टेयरिङ कमिटी-जेएसटिसी)वैठकमा सहभागी हुन नेपाल आएका सचिव भल्लाले उर्जामन्त्री पुनसँग भेटवार्ता गरेका हुन् । भेटमा मन्त्री पुनले सरकारले बुढीगण्डकी र दुधकोशीजस्ता ठुला जलाशययुक्त आयोजना बनाउन लागेको भन्दै त्यसले भारतको बाढी नियन्त्रण, सिंचाई र खानेपानीका लागि सहयोग पुग्ने धारणा राखे । उनले त्यसका साथै तल्लो तटिय लाभका बारेमा भारतसँग छलफल गर्ने नेपालको चाहना रहेको बताए । उनले भारत सरकारले संशोधन गरेको अन्तरदेशीय विद्युत व्यापारको निर्देशिकाले नेपालको विद्युत व्यापारका लागि फाइदा पुर्याएको भन्दै धन्यवाद समेत दिए ।

## मधेश अपडेट

### क्लोथ बैंकको कार्यालय उद्घाटन

जनकपुरधाम । क्लोथ बैंक धनुषाको कार्यालय विधिवतरूपमा आजदेखि सञ्चालनमा आएको छ । धनुषा जिल्लासहित आवयश्क परेको क्षेत्रका गरिव, विपन्नका साथै प्राकृतिक प्रकोप, घटना दुर्घटनाका प्रभावितहरूलाई आवश्यक लुगाको व्यवस्थापनका लागि क्लोथ बैंक स्थापना गरिएको हो । क्लोथ बैंक धनुषाको कार्यालय तत्कालका लागि जिल्ला समन्वय समिति धनुषाको कार्यालयमा सञ्चालनमा आएको अध्यक्ष राजीव झाले मधेशवाणीलाई बताएका छन् । अध्यक्ष झाका अनुसार समितिले प्रयोगविहीन रहेको एक कोठा बैंकको कार्यालय प्रयोजनका लागि सहयोग गरेको छ । कार्यालय उद्घाटन र सम्मान कार्यक्रममा उपस्थित जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साह, प्रमुख जिल्ला अधिकारी प्रदिप राज कणेल, जिल्ला समन्वय समितिका प्रमुख रामदेव बनरैत यादव सहितकाले बैंकको कार्यालयको बोर्ड पढेर उद्घाटन गरेका छन् । साथै समारोहका बीच न्यानो कम्बलसहित बैंकलाई लुगा सहयोग गर्ने मित्र धनुषा, वृहतर जनकपुर क्षेत्र विकास परिषद् र शिवचौकस्थित दिपेन्द्र इम्पिोरियमलाई सम्मान पत्र प्रदान गरि सम्मान गरिएको छ । कार्यक्रममा बैंकका अध्यक्ष झाले बैंकको अहिलेसम्मको कार्यप्रगति विवरण प्रस्तुत गरेका थिए । क्लोथ बैंकको अवधारणा परोपकारी कामका लागि भएकाले तत्काल शंका गर्नुभन्दा सहयोग गर्न सहभागीहरूले सबैलाई आग्रह गरेका छन् । कार्यक्रममा जनकपुर अञ्चल बस व्यवसायी संघका अध्यक्ष मनोज चौधरी, पत्रकार कैलाश दास, दिपक कर्ण लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

### "शिक्षामा सबैको समान पहुँच आवश्यक"

राकेश यादव, रौतहट । अस्ट्रेलियाका महावाणिज्यदूत पीटर बुडडले आंशिक रूपमा शिक्षामा पहुंचले समावेशी रूपमा शिक्षाको विकास नहुने बताएका छन् । रौतहटको राजपुर नगरपालिका वडा नंबर १ पिपरा भगवानपुरस्थित मौलवी निम्न माध्यमिक विद्यालयमा अवलोकन निरीक्षण गर्न आएका महावाणिज्यदूत बुडडले संचारकर्मीसँग संक्षिप्त कुरा गर्दै शिक्षामा सबैको समान पहुँच हुनु पर्ने धरना राखेका थिए । उनले बालबालिका मैत्री नमूना विद्यालयको निरीक्षण अनुगमन गर्न पाउँदा आफु हर्षित भएको बताए । शिक्षामा वालिकाको सहभागितालाइ देखेर निकै खुशी भएको बताउँदै गर्नु पर्ने सहयोग गर्ने प्रतिवद्धता जनाए । समुदाय र विद्यालयको समन्वयमा जून काम भैरहेको छ यसले मलाई निकै उत्साहित बनाएको भन्दै राजदूत बुडडले समावेशी शिक्षा प्रवर्धनमा निकै सहयोग पुग्ने आशा गरेको बताए । महिलाहरूलाई विद्यालयमा पहुंच बढने समेत अपेक्षा लिएको बताए ।

### घाइतेहरूले राहत रकम बुझ्न थाले

महोत्तरी । मधेश आन्दोलनको क्रम २०७२ साल भाद्र महिनामा घाइते भएकाहरूले धमाधम राहत रकम बुझ्न थालेका छन् । राहत रकम पाउनेमा जलेश्वर नगरपालिकाका एकजना दलित महिलासहित आठ जना छन् । माघ ५ गते बलिदानी दिवसको अवसरमा लहानमा अनुपस्थित भएकाहरू समेत जनकपुरस्थित मुख्यमन्त्रीको कार्यालयबाट राहत रकम बुझेको मुख्यमन्त्रीका प्रेस सल्लाहकार आतिश मिश्रले बताए । घाइतेहरूले २५ हजारदेखि तीन लाख रूपैयाँसम्मको चेक प्राप्त गरेका हुन् । राहत रकम पाउनेमा २०७२ भाद्र २३ गते चार गोली लागेर बाँचेका संतोष कुमार साह, एक गोली लागेका विकाश मिश्रा, नन्दन साह, सिवेन्द्र कुमार महतो तथा २०७२ भाद्र २५ गते गोली लागेर घाइते भएका महेश्वर ठाकुर, नागेन्द्र साह तेली, राजाराम मिश्र छन् । त्यस्तै राहत रकम पाउनेमा जलेश्वरकै दलित महिला चन्द्रदेवी पासमानको नाम समेत रहेको छ । आन्दोलनमा घाइते भएका शंकर पासवान र सुरेश पासवानले गतबर्ष नै राहत रकम प्राप्त गरिसकेको छन् । लामो संघर्षपछि राहत रकम पाएको शरीरमै एकगोली बाँकि रहेको संतोषले प्रतिक्रिया जनाउँदै गोली झिक्न थप सहयोगको आवश्यकता रहेको बताए ।

### सामुदायिक वनवाट विकास सहयोग पुग्ने

कपिलवस्तु । स्थानीय स्तरमा समुदायमा हस्तान्तरण भएका सामुदायिक वनहरूले विकासमा टेवा दिने सरोकारवालाहरूले बताएका छन् । आदर्श सामुदायिक वन उपभोत्ता समूह बुद्धभूमि १ को नवौं साधारण सभामा बोल्ने सरोकारवालाहरूले वनको संरक्षण र विकास गरेमा वनले विकास दिने बताएका छन् । कार्यक्रममा बोल्दै बुद्धभूमि नगरपालिका नगर प्रमुख केशव कुमार श्रेष्ठले सामुदायिक वनको विकास र संरक्षण गरेमा वनको आम्दानीले स्थानीय क्षेत्रको विकास हुने बताए । सामुदायिक वनको आम्दानीले समुदायका नागरिकहरूको विकासमा टेवा दिनुको साथै आयआर्जन गरी आर्थिक रूपमा समेत बलियो हुने श्रेष्ठले बताए । सो अवसरमा बोल्दै सामुदायिक वन उपभोत्ता महासंघ कपिलवस्तुका अध्यक्ष होमनाथ भट्टराईले सामुदायिक वनको कारण वन संरक्षण र वनबाट आम्दानी र स्थानीय समुदायको विकास भएको हुँदा सामुदायिक वन क्षेत्रलाई सरकारले थप सहयोग गर्नुपर्ने बताए ।

### न्यानो कपडा र ह्वीलचेयर वितरण

कपिलवस्तु । कपिलवस्तु नगरपालिका वडा नम्बर १ का गरिब, विपन्नलाई न्यानो कपडा र दुई जना अपाङ्गता भएका व्यक्तिलाई ह्वीलचेयर वितरण गरिएको छ । कपिलवस्तु नगरपालिका वडा नम्बर १ को समन्वयमा लाइन्स क्लब पोखरा लेकसिटीले १ सय जनाभन्दा बढी व्यक्तिलाई कम्बल र न्यानो कपडा वितरण गरेको हो । लाइन्स क्लब पोखरा लेकसिटी क्लबका अध्यक्ष मदन केसी, संघीय सांसद बृजेश कुमार गुप्ता, प्रदेशसभा सदस्य धर्मबहादुर लाल श्रीवास्तव, नगर प्रमुख किरण सिंह, उपप्रमुख लक्ष्मी गुप्ता, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विमलराज आचार्य र वडा अध्यक्षहरू सुदिप पौडेल, रामभजन कलवार तथा प्रकाश गैरे लगायतले न्यानो कपडा हस्तान्तरण गरेका थिए । सो अवसरमा बोल्दै कपिलवस्तु नगरपालिका १ का वडाअध्यक्ष सुदिप पौडेलले वडाको समन्वयमा लाईन्स क्लबले न्यानो कपडा हस्तान्तरण गर्ने कार्य उदाहरणीय रहेको बताए । व्यक्ति जाडोले भन्दा पनि अभावका कारण शीतलहरको जोखिममा परेकाले आफूहरूले सो सामग्री हस्तान्तरण गरेको क्लबका पूर्वअध्यक्ष जगदीश गौतमले बताए । शीतलहर प्रभावितलाई कम्बल वितरणले राहत प्रदान गरेको नगरप्रमुख किरण सिंहले बताएका छन् भने गरिबलाई न्यानो लुगासँगै पोषणमा समेत सहयोग आवश्यक रहेको प्रदेशसभा सदस्य धर्मबहादुर लाल श्रीवास्तवले बताए । संघीय सांसद बृजेश कुमार गुप्ताले ऐतिहासिक नगरपालिकाको सामाजिक र आर्थिक विकासमा ध्यान पुर्याउन नगरपालिकाको ध्यान जानु पर्नेमा जोड दिएका थिए ।

### कम्युनिष्टहरूको सरकार असफल : पौडेल

रूपन्देही । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले वर्तमान सरकारले लोकतान्त्रिक मान्यतालाई खिल्ली उडाएको आरोप लगाएका छन् । प्रजातान्त्रीक बिचामञ्च रूपन्देहीले बुटवलमा आयोजना गरेको कार्यक्रममा बोल्दै नेता पौडेलले संवैधानीक आयोगमा बिपक्षिदलका नेताको अनुपस्थितीमा नै नियुक्ति र मनोनयन गरेर सरकारले लोकतान्त्रीक मान्यतामाथि प्रहार गरेको बताए । उनले कम्युनिष्टहरूको सरकार शान्ति सुरक्षा, सुशासन र बिकास तीनै विषयमा असफल भएको निश्कर्ष निकाल्दै नेपाली कम्युनिष्ट पार्टी नाफाखोरहरूहरूको पार्टी बनेको बताए । बिगत निर्वाचनमा सिद्धान्ततः कांग्रेस पार्टीले जितेपनि संगठनले जनतामा पराजित भएको उल्लेख गर्दै नेता पौडेलले कांग्रेसको वर्तमान केन्द्रिय समितीलाई म्याद थप गर्ने नैतिक अधिकार नरहेको टिप्पणी गरे ।

### सरकारी गाडी फिर्ता

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश नम्बर ५ नेपाली कांग्रेस संसदीय दलका नेता बलदेब शर्मा पोखरेलले आफुले चढ्दै आएको गाडी फिर्ता गरेका छन।प्रदेश पाच प्रदेशसभा सचिवालयले बजार मूल्यभन्दा महंगोमा गाडी खरिद गरी आर्थिक अनियमितता गरेको समाचार बाहिर आएपछि उनले बिवादमा रहेको गाडि नढ्ने र निश्पक्ष छानवीन हुनुपर्ने माग गर्दै आफुले चढ्दै आएको गाडी फिर्ता गरेका हुन् । नेता पोखरेलले आफू चढिरहेको लु १ झ ४४७ नं. को गाडीको चाबी फिर्ता संसद सचिवालयका सचिब दुर्लभकुमार पुन मगरलाइ फिर्ता गरेका छन ।सचिवालयमा चावी बुझाउदै सभापति प्रदेशसभाका जेष्ठ सदस्य समेत रहेका पोखरेलले भने-'सार्वजनिक लेखा समितिले प्रदेश सरकार र प्रदेशसभा सचिवालयले खरिद गरेका सबै गाडीहरूको कागजात झिकाई छानविन शुरू गरेकोले विवादित गाडी चढ्नु उपयुक्त छैन । त्यसैले नैतिकताको आधारमा गाडी फिर्ता गरेको हुं उनले भने ।

### विराटनगरमा जुत्ताचप्पल व्यापार मेला

विराटनगर । 'स्वदेशी वस्तुको प्रवर्द्धन हाम्रो अभियान' प्रमुख नाराका साथ विराट जुत्ताचप्पल व्यापार मेला-२०७५ शुरू भएको छ । वेस फूटवेयर प्रालि, रोयल फूटवेयर प्रालि, रन सुज, लागीगुराँस फूटवेयर, जय श्रीको म्याजिक, हाइलाइफ र कोसेली छाला जुत्ता उद्योगका उत्पादन राखिएको मेला काठमाडौँ बाहिर पहिलोपटक यहाँ आयोजना गरिएको हो । पन्ध्रदेखि ६० प्रतिशत छुटको व्यवस्था गरिएको मेलाले स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्न र उपभोक्ताको स्वदेशी वस्तुप्रति रूचि बढाउन मेलाले थप टेवा पुऱ्याउने अनुमान गरिएको छ । नेपालमा वार्षिक सात करोड जोर जुत्ताचप्पल खपतमा स्वदेशी उद्योगका उत्पादन चार करोड जोरमात्र छन् ।

# “मधेशी शहीद कल्याण कोष” स्थापना


*मधेश बलिदानी दिवसको अवसरमा राजपा नेपालको केन्द्रीय कार्यालय मधेश भवनमा आयोजित कार्यक्रममा अध्यक्षमण्डलका नेतागण ।*

काठमाडौं । राजेन्द्र महतो संयोजकत्वमा राष्ट्रिय जनता पार्टी नेपालको अध्यक्षमण्डलको अन्तिम बैठकले “मधेशी शहीद कल्याण कोष” स्थापना गरेको छ ।

बैठकमा मधेश आन्दोलनमा शहादत प्राप्त गरेका वीर शहीदहरूको सम्झनामा एउटा शहीद कोष बनाउने निर्णय गरिएको हो । शहीदहरूको सम्मानका लागि शहीद परिवारलाई आर्थिक रूपले सबल बनाउन कल्याण कोष स्थापना गरिएको जनाइएको छ । यस कोषमा पार्टी र प्रदेश सरकारसहित समाजका विभिन्न क्षेत्रलाई सहयोग गर्न आह्वान गरिने छ ।

यसैगरी, बैठकले महेन्द्र राय यादवलाई आगामी दुई महिनाका लागि अध्यक्षमण्डलको संयोजकको जिम्मेदारी दिने निर्णय पनि गरिएको छ ।

राष्ट्रिय जनता पार्टी नेपालले मधेश आन्दोलनका शहीदहरूको सम्झनामा बलिदानी दिवस मनाएको छ ।

राजपा नेपालको केन्द्रीय कार्यालय मधेश भवनमा शनिबार ‘बलिदानी दिवस’ कार्यक्रममा संयोजक राजेन्द्र महतोले मधेश आन्दोलनकै कारण मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा गएको जिकिर गरेका छन् ।

उनले मुलुकमा संघीयता मधेशी शहीदकै देन रहेको बताउँदै संघीयतालाई विफल बनाउन केन्द्रीय सरकार नै लागिपरेको आरोप लगाएका छन् ।

विभिन्न बहानामा प्रादेशिक सरकारलाई विफल बनाउन केन्द्रले असहयोग गरिरहेको महतोको आरोप छ ।

उनले मधेश आन्दोलनका शहीदहरूको सपना साकार पार्नका लागि मुलुकमा राष्ट्रिय आन्दोलनको आवश्यकता रहेको बताए । ‘मधेश आन्दोलनबाट मुलुकका विभिन्न कुनाकाप्चामा रहेका उत्पीडित वर्गहरूको अधिकार सुनिश्चित भएको छ । तर, ती अधिकारहरू केन्द्रले अहिले पनि दिन चाहेको छैन ।’ महतो भने ।

उनले मधेशी, थारू, आदिवासी जनजाति, उत्पीडित समुदायले विभिन्न कालखण्डमा आन्दोलन गरे तर अधिकार पाउन नसकेकोले अब राष्ट्रिय आन्दोलनको विकल्प नरहेको जिकिर गरेका छन् ।

मधेशीहरू यही देशभित्र आफ्ना अधिकार खोजिरहेको जिकिर गर्दै महतोले भने, ‘हामी यही देशको नेपाली नागरिकसरह पहिचान खोजेका छौं । त्यसकै लागि यत्रो आन्दोलन भयो । शहीदका सपना पूरा गर्न हामी प्रतिबद्ध छौं ।’

केपी ओली नेतृत्वको सरकार संविधान संशोधन, आन्दोलनकारीहरूमाथि लागेको झुठा मुद्दा फिर्ता लगायतका मुद्दा गम्भीर रहेको बताउँदै संयोजक महतोले यथास्थितिमै यो सरकारलाई समर्थन नरहने प्रष्ट पारे ।

उनले सरकारले आफूहरूको मागलाई बेवास्ता गर्दै आन्दोलनमा जान बाध्य पारिरहेको बताए । उनले आफूहरू पुन: आन्दोलनमा जान रहर नभई बाध्यताको अवस्था सिर्जना भइरहेको बताए ।

फरक प्रसंगमा महतोले राजपाभित्र संयोजक परिवर्तन चक्रीय प्रणालीअनुसार हुने प्रष्ट पारेका छन् । उनले आफ्नो संयोजकत्वको समयावधि सम्पन्न भइसकेकोले अब नयाँ संयोजक आउने बताए ।

# ढल्केवरमा मोतियाविन्दको नि:शुल्क शल्यक्रिया गरिने

**विजय कुमार सिंह**


**ढल्केवरमा आँखा अस्पतालको शिलान्यास गरिँदै ।**

धनुषा । बनेपास्थित रेयुकाई एइको मसुनागा आँखा अस्पतालले धनुषाको ढल्केवरमा आफ्नो शाखा विस्तार गर्न लागेको छ ।

ढल्केवरका स्थानीय समाजसेवी राजाराम महतो र राजकिशोर महतोले दान गरेको ६ कठ्ठा जग्गामा भवन निर्माण गरेर अस्पतालले आफ्नो शाखा विस्तार गर्न लागेका हुन् ।

सोमबार रेयुकाई एइको मसुनागा आँखा अस्पतालका अध्यक्ष मधु आचार्यको अध्यक्षता तथा डोली इन्टर्मड इन्टरनेशनल न्यूयोर्कका अध्यक्ष स्कट ह्यामिल्टनको प्रमुख आतिथ्यमा एक समारोहका बीच अस्पतालको ढल्केवर शाखा भवनको शिलान्यास र आँखा उपचार केन्द्रको उद्घाटन गरिएको छ ।

प्रमुख अतिथि ह्यामिल्टनले अस्पतालको ढल्केवर शाखा भवनको शिलान्यास र आँखा उपचार केन्द्रको उद्घाटन गरेका हुन् ।

अस्पतालले सञ्चालनमा ल्याएको आँखा उपचार केन्द्रमा आूखा सम्बन्धी समस्या भएका रोगीहरूले मंगलबारदेखि सेवा लिन सक्ने जनाइएको छ ।

उपचार केन्दमा आईतवार बाहेक हप्ताको प्रत्येक दिन विहान ९ बजेदेखि बेलुका ४ बजेसम्म आँखा सम्बन्धित रोगीहरूले सेवा लिन सक्ने अस्पताल स्रोतले जनाएको छ ।

कार्यक्रममा बोल्दै अस्पतालका अध्यक्ष मधु आचार्यले ढल्केवरमा तत्कालै संचालनमा ल्याएको आँखा उपचार केन्द्रमा मोतियाविन्द लगायत आूखा सम्बन्धी कुनै पनि शल्यक्रिया सम्भव नरहेकोले बनेपा लगेर मोतियाविन्दको नि:शुल्क शल्यक्रिया गर्ने बताए ।

उनले अस्पताल निर्माणका लागि नगरपालिका, प्रदेश सरकार र संघीय सरकारबाट ठोस सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । स्थानीय समाजसेवी राजाराम महतो र राजकिशोर महतोले उपलब्ध गराएको ६ कठ्ठा जग्गामा सुविधा सम्पन्न आँखा अस्पताल निर्माण गरिने अध्यक्ष आचार्यले बताए ।

उनले एक वर्षभित्र सञ्चालनमा ल्याउने लक्ष्यका साथ निर्माण हुन लागेको आूखा अस्पतालमा नेत्र विशेषज्ञ टोली रहने र आँखाका सम्पूर्ण उपचार सेवा उपलब्ध गराउने जनाए ।

आँखा अस्पतालका लागि जग्गा दान गर्ने समाजसेवी राजाराम महतो र राजकिशोर महतो दुवै दाजुभाई हुन् । अस्पतालले दुवै दाजुभाइलाई सम्मान पत्र सहित सम्मान गरेका छन् ।

यस्तै, आँखा अस्पतालको शाखा विस्तारकै लागि मिथिला नगरपालिका मातहत वडा नम्वर ७ गैरी टोलमा रहेको ५ विगाहा जग्गामध्ये उत्तरतर्फबाट १ विगाहा जग्गा रेयुकाई एइको मसुनागा आूखा अस्पताललाई उपलब्ध गराएको छ ।

यता, कार्यक्रममा बोल्दै मिथिला नगरपालिकाका मेयर हरिनारायण महतोले नगरपालिका भित्रका मोतियाविन्द रोगीलाई नि:शुल्क शल्यक्रिया गराउने बताएका छन् ।

उनले रेयुकाई आँखा अस्पतालसंग सहकार्य गरेर नगरपालिका भित्रका मोतियाविन्द रोगीलाई नि:शुल्क शल्यक्रिया गराउने बताएका हुन् ।

बनेपास्थित रेयुकाई एइको मसुनागा आूखा अस्पतालले नगरपालिका भित्रका मोतियाविन्द रोगीलाई निशुल्क शल्यक्रिया गर्छ र निशुल्क बस्ने व्यवस्था मिलाउछ, मेयर महतोले भने बनेपासम्म जाने आउने यातायात खर्च नगरपालिकाले उपलब्ध गराउछ ।

उनले मोतियाविन्दको शल्यक्रियाका लागि बनेपासम्म जाने आउने यातायात खर्च बापत जनही १५ सय रूपैया नगरपालिकाले उपलब्ध गराउने बताए । कार्यपालिकाको निर्णय अनुसार नै १ विगाह जग्गा आूखा अस्पताललाई उपलब्ध गराएको छु, मेयरले भने ।

यस्तै, रेयुकाई एइको मसुनागा आूखा अस्पतालका सल्लाहकार डा. शसांक कोईरालाले ढल्केवर आूखा उपचारको हब बन्ने बताए ।

‘नेपालमा आूखा अस्पताल थुप्रै छन् तर पनि समस्या बाूकी नै छ कोइरालाले भने, यहाँ बन्ने अस्पतालमा नेपालीलाई मात्र नभएर भारतीय नागरिकलाई पनि सुविधा पुग्छ । अस्पताल खोल्नु ठुलो कुरा होईन, अस्पताललाई व्यवस्थित पारेर सेवा दिनु नै महानता हो, उनले थपे ।

कार्यक्रममा मिथिला नगरपालिकाका उपप्रमुख तारा कुमारी बस्नेत, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कंडेल, अष्ट्रेलियन राजदुत पिटर बर्ड, अस्पताल परियोजनाका कल्याण सिलवाल, असारे श्रेष्ठ, विभूति चनु ठाकुरलगायतका अतिथीहरूको उपस्थिती रहेको थियो ।

# डा.केसीका मागबारे एकजुट हुन विवेकशील साझाको आह्वान

काठमाडौं । चिकित्सा शिक्षा क्षेत्रमा देखिएका तमाम विकृतीहरूको विरूद्धमा लड्दै आएका सत्याग्रही डा. गोविन्द केसीको मागबारे एकजुट हुन विवेकशील साझा पार्टीले आह्वान गरेको छ । डा.केसीको सोह्रौं आमरण अनसनको आज १० दिन हुँदा उनको स्वास्थ्य अवस्था अत्यन्तै गम्भिर बन्दै गएको छ । उनको जीवन रक्षाका लागि उनका मागको यथाशीघ्र र यथोचित ढंगले सम्बोधन गर्न सरकार र संसदलाई विवेकशील साझाले आग्रह गरेको छ ।

विवेकशील साझाका प्रवक्ता डा. सूर्यराज आचार्यले आज एक विज्ञप्ति जारी गर्दै शिक्षा र स्वास्थ जस्ता आधारभूत सामाजिक सेवा मुलत: राज्यको दायित्व हुनु पर्ने जिकिर गरेका छन् ।

‘डा. केसीको सत्याग्रहको मूल मर्म पनि यहि नै हो । हाल प्रक्रियामा रहेको चिकित्सा शिक्षा विधेयकका प्रावधानमा चिकित्सा शिक्षालाई गुणस्तरीय र न्यायसम्मत बनाउने तर्फ उल्लेखनीय सुधारको सम्भावना देख्न सकिन्छ ।’ विज्ञप्तिमा भनिएको छ, ‘तथापि चिकित्सा शिक्षाको गैरनाफा मुलक सार्वजनिकिकरण नहुँदासम्म यो क्षेत्रमा व्याप्त विसंगतिपूर्ण व्यापारीकरणको समस्याको जरैबाट निराकरण सम्भव नहुने हाम्रो पार्टीको ठहर छ ।’

डा. केसीको श्रृङखलावद्ध सत्याग्रहको मूल भावनाको समेत आवश्यक र उपयुक्त तवरले सम्बोधन हुने गरी चिकित्सा शिक्षालाई क्रमिक रूपमा गैर(नाफा मुलक सार्वजनिकिकरण गर्ने स्पष्ट नीति र कानुन निर्माणमा वृहतर राष्ट्रिय सहमतिको पहल गर्न प्रमुख प्रतिपक्षी दल, सबै राजनीतिक दल तथा आमसर्वसाधारणलाई विवेकशील साझा पार्टीले आह्वान गरेको छ ।

संसदभित्र र संसद बाहिर रहेका प्रतिपक्षी दलहरू डा केसीका मागको मर्मका सम्बन्धमा एक ठाउँमा नआउने हो भने आफैं शिक्षा र स्वास्थ्यको क्षेत्रमा लगानी गरिरहेका नेताहरूले भविष्यमा पनि यो विषयको निकास ननिकाल्ने ठहर विवेकशील साझाको छ ।

## संक्षिप्त समाचार

### डाइट क्लिनिक उद्घाटन

वीरगन्ज । शान्ति पोलि क्लिनिकको आयोजनामा प्रदेश २ मा पहिलोपटक डाइट क्लिनिकको उद्घाटन गरिएको छ । यस क्लिनिकबाट स्वस्थ र अ-स्वस्थ व्यक्तिहरूलाई उमेर र वजन हेरी उपचार गरिने डाइट क्लिनिकका डाक्टर निशा सिंहले बताइन् । यस क्लिनिकबाट बिरामीहरूलाई छुट्टै र बिरामी नभएकोलाई छुट्टै उपचार व्यवस्था मिलाइएको शान्ति पोलि क्लिनिकका सञ्चालक प्रमोद सर्राफले बताए । शुक्रबार भएको उद्घाटन कार्यक्रममा अतिथिको रूपमा वीरगन्ज उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष गोपाल केडिया, डा.निरज सिंह, डा.कुषराज गिरी, डा.मनोज गुप्ता, डा.लक्ष्मी थापा गुप्ता लगायतको कार्यालय उद्घाटनमा उपस्थिति रहेको थियो ।

### लत्ताकपडा वितरण

धनुषा । समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत नगराईन नगरपालिका-८ गंगोलीस्थित पूर्वीटोलमा जाडोको समयमा चिसोबाट जोगिनका लागि स्थानीय गरिब, विपन्न, दलित, बृद्ध, जेष्ठ नागरिक, एकल महिला, असहाय, असक्तहरू गरी १५ जनालाई १५ थान ऊनी कम्बल र महिलाहरूका लागि ४० थान प्याड वितरण गरिएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाको आयोजना, गान्धी इन्टरनेशनल मिसन नेपालको सहआयोजना तथा क्लोथ्स वैंक जनकपुर, सरस्वती युवा क्लब गंगोली धनुषाको सहयोगमा सोमबार आयोजित एक कार्यक्रममा उक्त सामान वितरण गरिएको हो । क्लोथ्स बैंकका अध्यक्ष राजिव झा, असहाय संरक्षण मञ्च धनुषाका अध्यक्ष बैधनाथ साह, हेल्थ प्रोग्राम डाईरेक्टर उद्धब कुमार कार्की, सरस्वती युवा क्लबका अध्यक्ष मिथुन राय, स्थानीय संचारकर्मी, भद्रभलादमी, समाजसेवी, तथा स्थानीयबासिन्दाहरू समेतको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

### आगलागीमा परी वृद्धाको मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-२ बस्ने ८५ वर्षीया चन्द्रादेवी जैशीको आफ्नै घरको आगँनमा बालेको आगो ताप्ने क्रममा जलेर मृत्यु भएको छ । शनिबार बिहान कपडामा आगो सल्कन जाँदा गम्भीर घाइते भएकी जैशीलाई स्थानीय अस्पताल हुँदै थप उपचारको लागि कीर्तिपुर मोडेल अस्पताल लैजाने क्रममा आइतबार राति बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### विद्यार्थीहरूद्वारा शैक्षिक भ्रमण

वीरगन्ज । साउथ जोन मा.वि.का एस.ई.ई परीक्षा दिने ७९ जना विद्यार्थीहरूलाई शैक्षिक भ्रमणको क्रममा वीरगंज नेशनल मेडिकल कलेजमा भ्रमण सम्पन्न गराइएको छ । नेशनल मेडिकल कलेजमा रहेका लाईब्रेरी, ओडिटोरियम, ल्याब, चिकित्सकहरूले अध्ययन गर्ने निजी चिकित्शालयहरूमा गई विभिन्न विषय वस्तुहरूबारे विद्यार्थीहरूले नेश्नल मेडिकल कलेजका एम.डि बसरूद्दिन अन्सारीसँग विस्तृत रूपमा जानकारी लिएका छन् । कलेजका निर्देशक अन्सारीले शैक्षिक भ्रमणमा आएका साउथ जोन मा.वि का ५० जना छात्र र २९ जना छात्राहरूलाई विभिन्न ठाउँहरूको अवलोकन गराई चिकित्सक बन्नुभन्दा पहिला कसरी मेडिकल कलेजमा आफ्नो अध्ययन गर्ने गरेका छन् भन्ने विषयमा अन्सारीले विद्यार्थीहरूलाई बताएका थिए ।

### पार्लरमा आगलागीबाट २५ लाखको क्षति

बाँके । नेपालगंज उपमहानगरपालिका-३ त्रिभुवन चोकस्थित सनफ्लावर ब्युटी पार्लरमा बिजुली सर्ट भई आगलागी भएको छ । आइतबार बिहान आगलागी हुँदा पसलमा रहेको बिभिन्न सामान जलेर करिब २५ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ । स्थानीय बासिन्दा र दमकलको सहयोगमा प्रहरीले आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मानव अधिकारसम्बन्धी तालिम संपन्न

रौतहट । कनाडाको सहयोग र नेपाल मुस्लिम महिला कल्याण समाज रौतहटको आयोजनामा गौरमा आयोजित लैंगिक तथा विकास र मानव अधिकार सम्बन्धी २ दिवसीय तालिम बुधबार सम्पन्न भएको छ । लैंगिक विभेद अन्त्य तथा मानव अधिकारको संरक्षण गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको थियो । तालिममा सहभागी भएका युवा युवती महिला पुरूषलाइ महिला पुरूष विच भेदभाव गर्नु हुदैन सवै जना मिलेर अगाडी बढ्नु पर्ने प्रशिक्षण दिइएको आयोजक संस्थाकी तरनुम जयाले बताएकी छन् । शिक्षा र स्वास्थ्यको रूपमा पछाडि परेका मुस्लिम समुदायलाई विकासतर्फ उन्मुख गराउने लक्ष्य सस्थाको रहेको उनको भनाइ रहेको छ ।

### श्रीमतीको हत्या गरी श्रीमानद्वारा आत्महत्या

कैलाली । कैलालीमा श्रीमानले श्रीमतीको हत्या गरी आफू आत्महत्या गरेका छन् । जानकी गाउँपालिका-७ गोलौरी बस्ने ३२ वर्षीया रमा चौधरीलाई उनका श्रीमानले धारिलो हतियार बन्चरो प्रहार गर्दा आइतबार बिहान मृत्यु भएको थियो । चौधरीलाई उनकै श्रीमान ३५ वर्षीय प्रेमलाल चौधरीले टाउकोमा बन्चरो प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । बन्चरो प्रहार पश्चात प्रेमलाल झूण्डीएको अवस्थामा स्थानीय बासिन्दाले पासो काटेर उपचारको लागि टीकापुर अस्पताल पठाएकोमा उपचारको क्रममा प्रेमलालको समेत मृत्यु भएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ग्यास वाइल्डिङ्गको ड्रम पड्किँदा मृत्यु

मोरङ । बेलबारी नगरपालिका-११ स्थित बस्नेत ग्रिलमा काम गर्ने क्रममा ग्यास वाइलडिङको ड्रम पडकिँदा सोही नगरपालिका-९ बस्ने ३७ वर्षीय मनिष बराईलीको मंगलबार बिहान मृत्यु भएको छ । उक्त ड्रम पडकिदाँ गम्भीर घाइते भएका सोही ग्रिलमा काम गर्ने बराईलीको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

**२०७५ साद भदौ १ गते देख लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:**

**– हिंस्रक वा अन्य पशुपंक्षी राख्दा पूर्वसावधानी नअपनाई लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,**

**– चौपायालाई यातना दिएमा वा आफूले पालेका पशुपंक्षी रोगी वा वृद्धि भएको कारण सार्वजनिक रूपमा छोडेमा तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।**

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**

# जनतालाई विकास चाहिन्छ : पूर्वमन्त्री मिश्र

कपिलवस्तु । पछिल्लो समयमा स्वतन्त्र राजनीतिक समूहको भेलाले व्यापकता प्रदान गर्दै जनतामा लोकप्रियता हुँदै गइ रहेका बेला उक्त समूहसँग अबद्ध नेता तथा कार्यक्रताहरूले कार्यकर्ता भेटघाट र वडास्तरीय इकाइ गठनलाई तीव्रता दिएको छ । सोही क्रममा कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं.१२ को स्वतन्त्र राजनितिक समूहको भेला भएको छ ।

कार्यक्रमको अध्यक्षता देवेन्द्र दत्त शुक्लाले गरेका थिए भने कार्यक्रमका प्रमुख अतिथि पूर्वमंत्री ईश्वर दयाल मिश्र तथा अतिथि परमेश्वर प्रसाद त्रिपाठी, साजिद अलि, रफीक खाँ, नुरूलहुदा मुसलमान, कमला प्रसाद यादव, दरोगा प्रसाद कुर्मी, कृष्ण कुमार चौधरी, रामराज चौधरी, रामवृक्ष यादव, रामदास यादव लगायत महिला पुरूष भद्रभलादमि, शिक्षाप्रेमी पत्रकारहरू समेत लगभग ६०० जनाको उपस्थिति थियो । कार्यक्रमको उदघोषक सुदीप त्रिपाठीले गरेका थिए ।



*स्वतन्त्र राजनीतिक समूहको भेलामा सहभागी सर्वसाधारण ।*

सम्बोधन दिने क्रममा प्रमुख अतिथि पूर्वमन्त्री एवं स्वतन्त्र राजनीतिक समूहका नेता मिश्रले आफू नेकपासँग एकताको प्रक्रियामा रहेको बताए । नेकपासँगको वार्ता पनि सकारात्मक रहेकाले यसलाई तार्किक निष्कर्षमा पुर्याउनेतर्फ आफूहरू गम्भिर रहेको उनले स्पष्ट पारे ।

पूर्वमन्त्रीले भने, 'हामीले यो समूहलाई कसरी अघि बढाउने भन्नेबारे छलफल गर्यौं, एउटा त हामीबीच यही समूहलाई नै विस्तार गरौं, अघि बढाउने र सक्रिय बनाउनेबारे पनि छलफल भयो । अर्को, नेकपासँगको एकता वार्तालाई सार्थकता दिनेबारे पनि छलफल गर्यौं । र, तेस्रो यही समूहलाई पार्टीको रूपमा अघि बढाउनेबारे पनि कुरा भएको थियो ।'

संघीय समाजवादी फोरम नेपाल र राजपा नेपालसँग तराई/मधेशका जनता निराश भएको पनि उनले टिप्पणी गरे । उनले भने, 'फोरम अहिले सरकारमा छ । तर, उसको प्रस्तुतिले गर्दा जनता निराश छन् । उता, राजपा पनि आन्तरिक विवादमा फसेको छ । दुवै पार्टीले मधेशका जनतालाई निराशा बनाए ।

चुनाव पछि कुनै पार्टीमा प्रवेश गर्नु भन्दा पूर्व जनतासँग सुझाव सल्लाह लिएर मात्र पार्टी प्रवेश गर्ने त्यसकारण नै वडाका जनता को राय सुझाव लिइरहेको बताए । यो क्षेत्रमा बिकाशप्रेमी नेताको अवश्यक्ता रहेको साथै समयसँग परिवर्तन हुनु पर्ने कुरा जोड दिए ।

जनता जागरूक भई इमान्दार नेता लाई छानेर आफ्नो भविष्य आफैले लेख्नु पर्ने जनताद्वारा चुनिएका प्रतिनिधिहरूले जनताको हितमा काम नगरे सबै एकजुट भएर त्यस्ता नेता विरूद्ध आवाज उठाउनु पर्ने भने । केन्द्र तथा प्रदेश सरकार जनभावना अनुरूप चलिरहेको र बिकास निर्माण प्रथामिकता दिएको । स्थानिय जनप्रतिनिधिबाट जनता निराश भएको गुनासो पोखे ।

यो क्षेत्रमा धार्मिक सहिषुणता विखण्डन गर्ने कार्य भइरहेको यो क्षेत्रका जनतालाई बिकाश चाहिन्छ विनाश चाहिदैन भन्ने जस्तो तर्क प्रस्तुत गरे । भेलाबाट कृष्ण चौधरी, दशरथ पासवान, कमला प्रसाद यादव, साधु प्रसाद यादव, प्रहलाद यादव, देवेन्द्र दत्त शुक्ला, रामराज चौधरी, सुदीप त्रिपाठी लगायतका वडास्तरिय आठ सदस्सीय स्वतन्त्र राजनीतिक समूहको इकाइ समिति गठन गरिएको छ ।

# पोशाकसहित शैक्षिक सामग्री वितरण

जलेश्वर । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरस्थित राजदेवी सामुदायिक सिकाई केन्द्र जलेश्वरले एक कार्यक्रमकाबीच वैकल्पिक सिकाई केन्द्रका छात्रछात्राहरूलाई पोशाकसहित शैक्षिक सामग्री वितरण गरेको छ ।

जलेश्वर उद्योग वाणिज्य संघमा आयोजित कार्यक्रममा वैकल्पिक सिकाई केन्द्रका २५ जना छात्रछात्राहरूलाई स्कुल पोशाक, जुत्ता, शैक्षिक सामग्रीसहितको स्कुल व्याग वितरण गरिएको राजदेवी सामुदायिक सिकाई केन्द्रका अध्यक्ष गजेन्द्र गुप्ताले जानकारी दिए ।

जलेश्वर नगरपालिका र युनिसेफको सहयोगमा सो सामग्रीहरू वितरण



गरिएको बताउँदै अध्यक्ष गुप्ताले भने, 'सामग्री पाएपछि छात्रछात्राहरूको पठनपाठनमा नियमितता हुने आफूहरूको विश्वास रहेको छ ।'

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई महोत्तरीका शाखा अधिकृत अरूणशंकर पाठकले प्रमुख अतिथिको रूपमा बोल्दै भने, 'बालबालिकाहरूलाई जुन किसिमबाट विद्यालयतर्फ आकर्षित गर्न र पठनपाठनको वातावरण निर्माण भइरहेको यो खुशीको विषय हो ।'

हरेक स्थानीय तहले यस्तै गरी निरन्तरता दिने हो भने विद्यालय बाहिर कुनै पनि बालबालिकाहरू नरहने उनको तर्क थियो ।

कार्यक्रममा जलेश्वर नगरपालिका वडानं. २ का वडासदस्य बलविर गुप्ता, गणेश प्राथमिक विद्यालयका प्रधानाध्यापक विष्णुकुमार चौधरी, रंजित चौधरी, सञ्चारकर्मी सञ्जित मण्डललगायतका वक्ताहरूले आ-आफ्नो मन्तव्य राखेका थिए ।



## एभरेष्ट र पञ्जाब नेशनल बैंकबीच सम्झौता

काठमाडौं । एभरेष्ट बैंकले भारतीय गोरखा सैनिकमा आवद्ध स्थायी नेपालीलाइ{ सुविधा प्रदान गर्न भारतको पञ्जाब नेशनल बैंकसँग एमओयूमा हस्ताक्षर गरेको छ । पञ्जाव नेशनल बैंकको मुख्य कार्यालय नयाँ दिल्लीमा एक कार्यक्रमको आयोजना गरेर बैंकका प्रमुख कार्यकारी निर्देशक सोमेश्वर सेठ र पञ्जाव नेशनल बैंक-सरकारी बिजनेस डेभिजनका महाप्रवन्धक समिर बाजपाईबीच हस्ताक्षर भयो । नेपाल र भारतमा बैंकिङ सेवाका लागि भारतीय गोरखा सैनिकहरूले एभरेष्ट बैंक र पंजाव नेशनल बैंकको जुनसुकै शाखाबाट जुडुवा खाता खोल्न सक्नेछन् । त्यस्तै उनीहरूले रक्षक प्लस खाताबाट निशुल्क रेमिटेन्स सुविधा, एभरेष्ट बैंक र पञ्जाव नेशनल बैंकको सह-ब्राण्डेड डेबिट खाता जस्ता सुविधाहरू प्राप्त गर्न सक्नेछन् । भारतीय गोरखा सैनिकका स्थायी नेपालीलाई रक्षक प्लस खाताबाट कर्जाको सुविधा समेत रहेको छ ।

## बहु-प्राविधिक महाविद्यालय बन्ने

काठमाडौं । हेटौंडा उपमहानगरपालिका ७ मा नेपाल-भारत मैत्री बहुप्राविधिक महाविद्यालय निर्माण हुने भएको छ । महाविद्यालयको भारतीय सहयोगमा फागुन पहिलो सातादेखि निर्माण सुरू हुनेछ । नेपाल-भारतको राष्ट्रपति स्तरमा २०६६ मा महाविद्यालय स्थापना गर्ने सम्झौता भएको थियो । भारतीय टीसीआईएन र नेपालको आरोग्य कन्स्ट्रक्सनले संयुक्त रूपमा निर्माणको ठेक्का पाएका छन् । महाविद्यालय ५५ करोडमा निर्माण हुनेछर । पहिलो चरणमा उक्त विद्यालयमा डिप्लोमा तहको कम्प्युटर अर्थात् आईटी, मेकानिकल र इलेक्ट्रिकल विषयमा पढाइ हुनेछ । यो महाविद्यालयले मुलुकलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने शिक्षालय प्रमुख रन्जितकारले बताए । महाविद्यालय स्थापना हुने स्थल हेटौंडा बजारबाट ६ किमि पूर्वमा पर्छ ।

## हवाई प्रवेश विन्दु दिन भारत सहमत

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि हवाई प्रवेश विन्दु दिन भारत सहमत भएको बताएका छन् । आगामी वर्षदेखि सञ्चालनका लागि तयार हुने लक्ष्य लिइएको निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि हवाई रूट समस्या हुने ठानिएका बेला सरकारले गाँठो फुकाउने प्रयास गरेको छ । एकमात्र हवाई प्रवेश विन्दु (एयर इन्ट्री प्वाइन्ट) हुँदा भैरहवा विमानस्थलको व्यावसायिक सञ्चालनमा समस्या हुने बताइएको छ । भैरहवा विमानस्थलमा उडान तथा अवतरण गर्नलाई भैरहवा नजिकैबाट जहाज प्रवेश गर्नसक्ने गरी हवाई रूट बनाउने काम भइरहेको पनि मन्त्री अधिकारीले जानकारी दिए । ग्लोबल एभिएसन समिटमा सहभागी हुन मुम्बई गएका पर्यटनमन्त्री अधिकारीले भारतका उद्योग वाणिज्य तथा नागरिक उड्यन मन्त्री सुरेश प्रभुसँगको छलफलबाट उक्त रूटका बारेमा सहमति भएको जानकारी दिए ।

## स्थानीय सम्वाद

# कृषिलाई आय-आर्जनमुखी बनाएका छौं



**बजरंगी प्रसाद कुर्मी**
**अध्यक्ष, मायादेवी गाउँपालिका, कपिलवस्तु**

नेपालको संघीय संरचनाअनुसार प्रदेश नं. ५ को कपिलवस्तु जिल्लाभित्र पर्ने मायादेवी गाउँपालिका जिल्ला सदरमुकामभन्दा १० कि.मी. पूर्वमा अवस्थित रहेको छ । यो गाउँपालिकाले पूर्वमा कपिलवस्तुको शुद्धोधन गाउँपालिका, पश्चिममा कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिका उत्तरमा बाणगंगा नगरपालिका र दक्षिणमा भारत उत्तर प्रदेशको अलिगढवा पर्दछ । मायादेवी गाउँपालिका वि.स. २०७३ सालमा मा गठन भएको हो । यस गाउँपालिका साविकको पकडी, फुलिका, अभिराव, डुमरा, विजुवा, पिपरा, हरनामपुर र बलुहवा गरी कुल ८ गा.वि.स.हरूलाई मिलाएर बनाईएको हो । यस गाउँपालिकाको क्षेत्रफल ८८.५४ बर्ग कि.मी. रहेको छ र पकडीलाई केन्द्र मानि काम कार्यवाही त्यहींबाट संचालन भैरहेको छ । राजा शुद्धोधनको राजधानी तिलौराकोटबाट रानी मायादेवी आफ्नो माईत देवदह यही भूमि टेकेर जाँदैगर्दा लुम्बिनीमा भगवान गौतम बुद्धलाई जन्म दिनु भएको कारण यस गाउँपालिकाको नाम मायादेवी राखिएको हो ।

— — — — — — — — — — — — — — — — — — — —

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आएदेखि के-कस्ता कामहरू गर्नुभयो ?**

– पहिला यहाँ एकदमै दयनीय अवस्था थियो । बाटोघाटो, सडक, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि लगायत हरेक क्षेत्रमा हामीले जनचाहनाअनुसार काम गरिरहेका छौं । कृषि क्षेत्रलाई आय आर्जनमुखी बनाउन विभिन्न कामहरू गरेका छौं । कृषकलाई सहुलियत ऋणदेखि मलखाद, बीउबिजन उपलब्ध गराउने लगायतका कामहरू गर्‍यौं । शिक्षामा सबभन्दा बढी चुनौती थियो, शिक्षकको अभाव थियो । त्यसका लागि हामीले गाउँपालिकाको तर्फबाट ५२ जना स्वयम्सेवक शिक्षक नियुक्त गरेका छौं ।

**० शिक्षाको अवस्था सबैभन्दा बढी किन खस्केको त ?**

– पहिला विद्यालयहरूमा विद्यार्थी धेरै थिए तर शिक्षक एकदमै कम थियो । जसकारणले गुणस्तरीय पढाई हुन सकिरहेको थिएन । भौतिक पूर्वाधारहरू पनि अस्तव्यस्त थियो । विद्यालयबाट नै यस्ता गुनासाहरू आउन थालेपछि हामीले पहल गरेर गाउँपालिकाको आफ्नो बजेटबाट ५२ जना स्वयम्सेवक शिक्षक नियुक्त गरेका हौं ।

**० तपाइँको गाउँपालिकामा विद्यालय पहुँचभन्दा बाहिर कति बालबालिका छन् ?**

– हाम्रो गाउँपालिकामा अहिले कुनै पनि बालबालिका विद्यालय पहुँचभन्दा बाहिर छैनन् । हामीले एउटा टीम बनाएर गाउँपालिकाका हरेक टोल-टोलमा अध्ययन गरेर विद्यालय पहुँचबाट टाढा रहेका बालिकाहरूलाई विद्यालय भर्ना गरायौं । विद्यालयमा विद्यार्थीलाई टिकाउनका लागि गुणस्तर शिक्षामा जोड दिएका छौं ।

**० कृषिमा के-कस्ता योजनाहरू ल्याउनुभएको छ ?**

– कृषिमा हामीले सिंचाइ योजना ल्याएका थियौं । आर्गेनिक खेतीको पनि कार्यक्रम थियो । समूह बनाएर हामीले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं । जसबाट कृषकहरूले आफै कृषिबाट आयआर्जन पनि गरिरहेका छन् । हामीले कृषिलाई आयआर्जनमुखी बनाएका छौं ।

**० यसपटकको गाउँ परिषद्बाट के-कस्ता योजनाहरू ल्याउनुभएको छ ?**

– यस आर्थिक वर्षमा सबभन्दा बढी लगानी शिक्षामा गरेका छौं । त्यस्तै, कृषिलाई आधुनिकीकरण गर्ने, सडक निर्माण तथा सम्भार, युवाहरूलाई लक्षित गरी विभिन्न किसिमका शीपमूलक तालिमको व्यवस्था लगायतका योजनाहरूलाई प्राथमिकता दिएका छौं ।

**० चिसोबाट बच्न के कस्ता उपायहरू अपनाउनुभएको छ ?**

– हामीले गाउँपालिका हरेक वडाहरूमा कम्बल वितरण गरिसकेका छौं । खासगरी ज्येष्ठ नागरिक र विपन्न वर्गलाई कम्बल वितरण गर्‍यौं । चिसोबाट बच्नका लागि आगो ताप्न काठ तथा दाउरा पनि वितरण गर्‍यौं । यसपटक चिसोबाट ज्यान गुमाउनु पर्ने अवस्था छैन । हामीले चिसोबाट बच्नका लागि पूर्वतयारी गरेका थियौं । चिसो सुरू हुनासाथ हामीले कम्बल वितरण र आगो ताप्न काठ दाउरा वितरण कार्यक्रम सुरू गर्‍यौं । साथै, ज्येष्ठ नागरिकहरूका लागि च्यवनप्रास पनि वितरण गर्‍यौं ।

**० गाउँपालिकाको कामबाट जनता सन्तुष्ट छन् त?**

– हाम्रो कामबाट यहाँका जनता एकदमै सन्तुष्ट छन् । कुनै किसिमका गुनासो वा अवरोध छैन । हामीसँग भएका स्रोतसाधनले भ्याएसम्म जनतालाई सेवा प्रदान गरिरहेका छौं । हामीसँग कर्मचारी अभावका बाबजुद पनि जनतालाई सेवा दिइरहेका छौं । सम्पूर्ण चुनौतीहरू सामना गर्दै जनतामुखी काम गरिरहेका छौं ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँ भनिन्थ्यो, यो कुरा जनताले महसुस गरेका छन् ?**

– सिंहदरबार गाउँ-गाउँमा अहिले नारामा मात्रै देखिन्छ । यसका लागि विभिन्न नियम कानूनहरू आइसकेको छैन । संघीयतालाई सफल बनाउनका लागि हामी दिनरात खटिरहेका छौं । जनताको आवाज हामीले प्रदेश र संघमा पनि उठाएका छौं । संविधानमा सिंहदरबार गाउँ-गाउँमा उल्लेख भएपनि हामीले पाएका छैनौं ।

**० तपाइँहरूले कति कर बढाउनुभएको छ ?**

– हामीले कुनै किसिमको कर बढाएका छैनौं । जनताबाट पनि त्यस्ता कुनै गुनासो आएको छैन । हामीले आफ्नो आम्दानी बढाउन आफ्नै किसिमका कार्यक्रमहरू ल्याएका छौं । जनतालाई प्रताडित गर्ने खालका कुनै पनि कर लगाएका छैनौं ।

**० निर्वाचनका बेला तपाइँले गरेको प्रतिबद्धताहरू कतिको पूरा भयो ?**

– निर्वाचनका बेला हामीले घोषणापत्रमार्फत् जुन प्रतिबद्धताहरू गरेको थियौं, त्यहींअनुसार काम गरिरहेका छु । निर्वाचनका बेला म आफै प्रत्येक घर-घरमा गएर आफ्नो चुनावी घोषणापत्र दिएको थिएँ । हामीले प्रतिबद्धता गरेअनुसारका कार्यहरू सुरू गरेका छौं । हामीले कतिपय दीर्घकालीन योजनाहरू पनि बनाएका छौं । त्यसैले ती सबै पूरा हुन समय लाग्छ ।

**० तपाइँ आफ्नो कार्यकालमा मायादेवी गाउँपालिकालाई कस्तो बनाउनुहुन्छ ?**

– म आफ्नो कार्यकालमा मायादेवी गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउने अठोट लिएको छु । यो गाउँपालिकालाई नेपालकै नमुना बनाउने गरी कार्य गरिरहेको छु । मेरो कार्यकाल समाप्त भइसकेपछि जनताबीच जान्छु र सोध्छु कि मैले घोषणापत्रमार्फत् गरेका प्रतिबद्धताहरू पूरा भयो या भएन ।

## विश्व परिवेश

# प्रियङ्का गान्धी अब सक्रिय राजनीतिको मैदानमा

भारतमा संसदीय निर्वाचनको पूर्वसन्ध्यामा देशकै सबैभन्दा पुरानो दल भारतीय राष्ट्रिय कांग्रेसले नेहरू-गान्धी परिवारबाट प्रियङ्का गान्धीलाई सक्रिय राजनीतिमा ल्याएको छ ।

उनी पूर्वप्रधानमन्त्री राजीव गान्धी र सोनिया गान्धीकी छोरी एवम् वर्तमान पार्टी अध्यक्ष राहुल गान्धीकी बहिनी हुन् ।

पार्टीले उनलाई पूर्वी उत्तर प्रदेशको महासचिव नियुक्त गरेको छ । आगामी फेब्रुअरी महिनादेखि उनले त्यो भूमिका निर्वाह गर्नेछिन् । भारतमा आगामी अप्रिल र मई महिनामा लोकसभाको निर्वाचन हुँदैछ । निर्वाचन हुने कुल ५४३ संसदीय क्षेत्रमध्ये उत्तर प्रदेश राज्यमा सर्वाधिक ८० क्षेत्र छन् ।

भारतको राजनीतिमा उत्तर प्रदेशलाई महत्वपूर्ण राज्य मानिन्छ । यहाँबाट जवाहरलाल नेहरूदेखि वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीसमेत सात नेताहरू प्रधानमन्त्री बनेका छन् । उत्तर प्रदेशका विभिन्न स्थानबाट गान्धी परिवारका सदस्यहरू निर्वाचनमा सहभागी हुँदै आएका छन् । राहुल गान्धी सन् २००४ देखि सो राज्यको अमेठीबाट निर्वाचित हुँदै आएका छन् ।



संक्षिप्त परिचय
जन्म : जनवरी १२, १९७२
अध्ययन : दिल्ली विश्वविद्यालयबाट मनोविज्ञान
विवाह : व्यापारी रोबर्ट वाड्रासँग सन् १९९७ मा
सन्तानः एक छोरा, एक छोरी

सत्तारूढ भारतीय जनता पार्टी र प्रमुख प्रतिपक्ष कांग्रेस दुवैले उत्तर प्रदेशका लागि विशेष निर्वाचन रणनीति बनाउने आकलन गरिएको छ । गत संसदीय निर्वाचनमा भारतीय जनता पार्टी उत्तर प्रदेशका ८० मध्ये ७५ स्थानमा विजयी भएको थियो । मोदीले बनारसको निर्वाचन क्षेत्रबाट जितेका हुन् ।

सन् १९८० को दशकसम्म उत्तर प्रदेशमा कांग्रेस पार्टीको वर्चस्व थियो । तर विभिन्न राजनीतिक कारणले गर्दा सो दलले त्यहाँ आफ्नो प्रभाव गुमाउन थाल्यो ।

प्रियङ्का गान्धीलाई मैदानमा ओरालेर कांग्रेसले आफ्नो प्रभाव फिर्ता लिन खोजेको छ । कांग्रेस नेता राजीव शुक्लाका अनुसार प्रियङ्का गान्धीबाट पार्टीलाई निर्वाचनमा उत्तर प्रदेशमा मात्र नभएर देशैभरि फाइदा पुग्ने बताएका छन् । तर भारतीय जनता पार्टीले भने कांग्रेसको निर्णयप्रति व्यङ्ग्य गरेको छ । सो दलका प्रवक्ता सम्बित पात्राले भने, 'सबैतिरबाट अस्वीकृत भएपछि कांग्रेसले गान्धी परिवारबाटै सहयोग खोजेको छ ।'

'बीजेपी र कांग्रेसमा एउटा आधारभूत भिन्नता छ-बीजेपीका लागि पार्टी परिवार हो तर कांग्रेसका लागि परिवार नै पार्टी हो'-उनले भने ।

प्रियङ्का गान्धीको तुलना उनकी हजुरआमा इन्दिरा गान्धीसँग गर्ने गरिन्छ । उनको केश, लुगा र कुरा गर्ने तरिकामा पनि इन्दिरा गान्धीको झल्को आउँछ । उनी सक्रिय राजनीतिमा आउने चर्चा धेरै पहिलादेखि हुन थालेको हो । सन् २०१४ को निर्वाचनमा उनी भारतीय जनता पार्टीका नेता नरेन्द्र मोदीविरूद्ध बनारसबाट उठ्न चाहन्थिन् । तर उनलाई त्यसो नगर्न सल्लाह पार्टी भित्रबाटै दिइएको बताइन्छ ।

राहुल गान्धीले कांग्रेसको नेतृत्व सम्हालेपछि प्रियङ्का गान्धी पार्टीमा केही समय सक्रिय देखिइन् । तर बिस्तारै उनी निष्क्रिय हुन थालिन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीलाई चुनौती दिन प्रियङ्का गान्धीलाई निर्वाचन अभियानमा प्रयोग गर्नुपर्ने धारणा पार्टीभित्र हुँदै आएको थियो । तर आमा सोनिया गान्धी भने राहुल गान्धीलाई बलियो बनाउन चाहन्थिन् । प्रियङ्का राजनीतिमा आउँदा दाजु र बहिनीबीच तुलना हुने र त्यसबाट पार्टीलाई हानि पुग्ने डर सोनिया गान्धीमा भएको बताइन्छ ।

यसअघि सन् २००४ मा पनि पार्टीले प्रियङ्कालाई सोनिया गान्धीको निर्वाचन अभियानमा प्रयोग गरेको थियो ।

*– एजेन्सीको सहयोगमा*

# नयाँ शक्तिका नेताहरूले भेटे भारतीय नेता

काठमाडौँ । नया शक्ति पार्टीको प्रचार विभागको टोली नयाँदिल्ली पुगेर भारतका सबै प्रमुख पार्टीको प्रचार अभियान सम्बन्धी अनुभव आदान-प्रदान गरेको छ ।

प्रचार विभाग प्रमुख विश्वदीप पाण्डेको नेतृत्वमा नयाँदिल्ली पुगेको नयाँशक्तिको टोलीले सत्तारूढ भारतीय जनता पार्टी ( भाजपा) र प्रमुख प्रतिपक्षी कांग्रेस (आई) को प्रचार विभागसँग प्रचार अनुभवबारे अन्तरक्रिया सम्पन्न गरेको छ ।

टोलीले भाजपा प्रचार विभाग प्रमुख अनिल बुलानी, उपप्रमुख डा सञ्जय मयुख, प्रवक्ता सञ्जय पात्रसँग भाजपाको केन्द्रीय कार्यालयमा प्रचार अभ्यासबारे अनुभव आदानप्रदान गरेको थियो ।



यसैगरी कांग्रेस (आई) का प्रवक्ता राजीव त्यागी, सञ्चार संयोजक तथा प्रवक्ता प्रियंका चतुर्वेदी, सञ्चार विभागका सचिव प्रणव झा, भारतीय युवा कांग्रेसका राष्ट्रिय प्रवक्ता तथा मिडिया इञ्चार्ज अमरिश रञ्जन पाण्डेसँग भारतीय युवा कांग्रेसको कार्यालयमा प्रचार अनुभव आदानप्रदान गरेको थियो । त्यसबाहेक टोलीले भाजपाका राष्ट्रिय उपाध्यक्ष श्याम जाजु, भगतसिँह कोसियारी, अजितकुमार, भाकपा (मार्क्सवादी) का महासचिव सिताराम यचुरी, वामपन्थी पत्रकार तथा बुद्धिजिवी आनन्दस्वरूप बर्मा, चुनावी अभियान रणनीतिकार प्रशान्त किशोरलगायतसँग भेटघाट तथा अन्तरक्रिया गरेको गरेको पाण्डेले बताए । पाण्डे नेतृत्वको टोलीले दिल्लीमा सत्तारूढ आम आदमी पार्टी (आप) को सूचना प्रविधि तथा सामाजिक सञ्जाल प्रमुख अंकित लालसँग पनि भेट गरेको छ ।

पाण्डेका अनुसार, सबै भेटघाट, छलफल, कुराकानीमा राजनीतिक पार्टीको सञ्चार रणनीति, नेपाल-भारत सम्बन्ध, दुई पार्टीबीचको सम्बन्ध लगायतका बारेमा कुराकानी भएको छ ।

# जलेश्वर चौधरीका लागि सहयोग संकलन

कारी महतो, चितवन । साउदीमा ब्लडमनिको अभावमा अलपत्र परेका खैरहनी नगरपालिका वडा नं. १०, गोठौलीका जलेश्वर चौधरीलाई सकुशल स्वदेश फिर्ता ल्याउनका लागि छैठौ खिचरा महोत्सवमा जलेश्वर बचाऊ अभियान, सहयोग संकलन कार्यक्रम सञ्चालन गरिएको छ । चितवन जिल्ला घर भई हाल बहराइनमा कार्यरत संगम चौधरी, सन्त कुमार चौधरी, विष्णु चौधरी, नन्द प्रसाद महतो, विश्वास महतो लगायतको सक्रियतामा संकलन गरिएको रकम आइतबार कठार १० की लौमी चौधरी मार्फत प्राप्त भएको ८० हजार ६ सय २० रूपैयाँ नगद रकम जलेश्वर चौधरीका आमा मलुई चौधरीलाई हस्तान्तरण गरिएको छ । यसैगरी महोत्सवको उद्घाटन समारोहमा सियन चौधरी र शान्ति चौधरीले बेल्जियमबाट कठार १०, बडगाउँका प्रेम कुमार चौधरी मार्फत २१ हजार रूपैयाँ तथा मलेसियामा कार्यरत जितेन्द्र चौधरी र साथीहरूले खैरहनी ५ का छनिया चौधरी मार्फत् ३६ हजार ७६० रूपैयाँ जलेश्वरका बुबाआमालाई हस्तान्तरण गरिएको छ ।

# गोपाल सेवा समितिको उपत्यका कार्यसमिति गठन

काठमाडौं । नेपालको सम्पूर्ण यदुवंशीहरूको एकता गर्ने उदेश्यका साथ गोपाल सेवा समितिले उपत्यका कार्यसमिति गठन गरिएको छ । शनिबार संघीय राजधानीमा एक समारोहबीच गोपाल सेवा समितिले काठमाडौं उपत्यकामा बसोबास गरिरहेका विभिन्न पेशाका यदुवंशीहरूको उपस्थितीमा २१ सदस्यीय कार्यसमिति गठन गरिएको हो । शनिबार सम्पन्न भेलाले चयन गरिएको २१ सदस्यीय कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष र सचिवमा क्रमशः कमल कुमार यादव, मञ्जुकुमारी यादव र विजय यादव छन् । यसैगरि, कोषाध्यक्षमा अम्बिका यादव, सह-कोषाध्यक्षमा राजेश प्र.यादव, सह-सचिवमा सुजित कुमार यादव, महिला सदस्यहरूमा अञ्जुला यादव र सुनिताकुमारी यादव रहेका छन् । सदस्यहरूमा नन्दकिशोर यादव, एम.पी यादव, सुशिल कुमार यादव, शिवशंकर यादव, अरूण कुमार यादव, सुक्देव यादव रहेका छन् । त्यसैगरि सल्लाहकारहरूमा श्यामकिशोर यादव, विनोद कुमार यादव, उमेश यादव, सत्यनारायण यादव र राजेश कुमार यादव रहेका छन् । स्वास्थ तथा जनसंख्या राज्यमन्त्री डा. सुरेन्द्र यादवद्वारा नयाँ कार्यसमितिको पदभार तथा सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न पेशामा आवद्ध रही उपत्यकामा बसोवास गर्दै आएको १ सय ५० भन्दा बढि यदुवंशीहरूको उपस्थिती रहेको थियो ।




## जिल्ला समाचार

### बलिदानीकै कारण मुलुकमा संघीयता : उपप्रम यादव

सिरहा । उपप्रधानमन्त्री उपेन्द्र यादवले मधेशी जनताले गरेको बलिदानीकै कारण मुलुक अहिले संघीय लोकतान्त्रिक गणतन्त्रमा गएको र मधेशीहरू मुलुकमा मात्र नभई विश्वभरिमै आफनो पहिचान स्थापित गरेको बताएका छन् । शनिबार लहानमा आयोजित बलिदानी दिवसमा शहीदहरूको बलिदानी र घाइतेहरूको परिश्रमलाई आफुहरू कहिले पनि विर्सन नसक्ने उल्लेख गर्दै उनले अब प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै थप अधिकारका लागि संघर्ष गर्ने जिम्मेवारी आफुहरूको काँधमा रहेको बताए । उपप्रधानमन्त्री यादवले संविधान संशोधनको विकल्प नरहेको जिकिर गर्दै कार्यदल बनाएर संविधानमा रहेको त्रुटीहरूलाई एकमुष्ट संशोधनको प्रक्रिया अघि बढाउन आग्रह समेत गरे ।

### अचार बनाउने तालिम सुरू

वीरगञ्ज । वीरगंज महानगरपालिकाको आयोजना र महिला मुस्लिम उत्थान मञ्चको सहयोगमा अचार बनाउने तालिम उद्घाटन भएको छ । उद्योग प्रवर्द्धन सिप विकास प्रवर्द्धनका लागी महिला मुस्लिम उत्थान मञ्चका अध्यक्ष सायदा खातुनले विरगंज को वडा नं. ६ समितिको सभाहलमा अचार तालिमको शुभारम्भ गरेकी छन् । पाँच दिनसम्म चल्ने यस अचार बनाउने तालिममा १५ जना महिलाहरूको सहभागि रहेको संस्थाका अध्यक्ष सायदा खातुनले बताइन् । तालिम गर्नेहरूमा विष्णु गिरी, बिकिन खातुन, रेखा कर्ण, शिला रौनियार, सहनाज खातुन, गुडिया राउत, रेहाना खातुन अमृता झा, रेखा साह, गुलनेरा खातुन, तबस्सुम खातुन, रजिया खातुन, रिता साह लगायत १५ जना महिलाहरूले अचार बनाउने तालिम लिइरहेका छन् । तालिमको उद्घाटन कार्यक्रममा वडा नं. ६ अध्यक्ष ध्रुव प्रसाद नेपालले मैनबत्ति बाली कार्यक्रमको उद्घाटन गरेका थिए । उद्घाटन कार्यक्रममा महिला मुस्लिम उत्थान मञ्चका अध्यक्ष सायदा खातुन, वडा नं.६ का अध्यक्ष ध्रुव प्रसाद नेपाल, वडा सचिव गोपाल प्रसाद मरहट्टा, समिर कुमार उपाध्याय र वडा सदस्य राजु खड्गी लगायतको उपस्थिति रहेको थियो ।

### बुद्धभूमिमा वृहत् शैक्षिक प्रदर्शनी

मणि प्रसाद गैह्रे, कपिलवस्तु । बुद्धभूमि नगरपालिकाले नगरपालिकास्तरीय शैक्षिक प्रदर्शनी कार्यकम सम्पन्न गरेको छ । नगर क्षेत्रका विद्यालयहरूले तयार गरिएको शैक्षिक साम्रगी तथा प्रविधिलाई भृकुटी माध्यमिक विद्यालय बुढ्डी परिषरमा प्रदर्शन गरिएको थियो । नगर क्षेत्रका आधारभूत तथा माध्यमिक विद्यालयहरूले तयार पारिएका शैक्षिक साम्रगी र प्रविधि र कलाहरूलाई एक आपसमा शीप आदानप्रदान तथा विद्यालय तथा विद्यार्थीहरूलाई सिर्जनात्मक क्षमताको विकास गर्नका लागि उक्त कार्यकम गरिएको नगरपालिकाले जनाएको छ । शैक्षिक प्रदर्शनीमा आधारभूत विद्यालयतर्फ आधारभूत विद्यालय गवदहवा, द्वित्तीय सरस्वती प्रावि लक्ष्मणपुर, तृतिय सरस्वतीमा वि झुसिया भएका थिए । त्यस्तै, माध्यमिकतर्फ मावि निमडाडा प्रथम, जनकल्याण मावि वरकलपुर दितिय, मावि इमिलिया तृतिय, भृकुटी मावि सान्तोना भएका थिए । प्रथम विद्यालयलाई नगद रू ५ हजार र प्रमाणपत्र दितिय विद्यालयलाई ३ हजार ५ सय र प्रमाणपत्र तृतीय विद्यालयलाई २ हजार ५ सय र प्रमाणपत्र र सान्तोना विद्यालयलाई १ हजार ५ सय र प्रमाणपत्र प्रदान गरिएको थियो ।

### मेयर कपको उपाधि वडा नं. १ लाई

रौतहट । रौतहट जिल्लाको सदरमुकाम गौरमा सञ्चालित मेयर कप च्याम्पियनशिप टी ट्वेन्टी क्रिकेट टूर्नामेन्ट २०७५ को उपाधि गौर नगरपालिका वडा नम्बर १ ले जितेको छ । करण साहको धुँवाधार बल्लेबाजीको कारण वडा नम्बर १ का टीमले फाइनल मुकावलामा प्रतिद्वन्द्वी टीम वडा नं. ५ लाई पराजित गर्दै जित हासिल गरेको हो । ऐतिहासिक गौर राईस मिलको मैदानमा सोमबार भएको फाइनल मुकावलामा वडा नम्बर १ ले दिएको १९९ रनको संघर्षपूर्ण चुनौतीका सामना गर्न बल्लेबाजी गर्न आएका वडा नम्बर ५ ले १२८ रनमा सबै विकेट गुमाई ७१ रनले म्याचमा पराजित भएका छन् । टस जितेर पहिले बल्लेबाजी गरेको वडा नम्बर १ ले निर्धारित २० ओभरमा ५ विकेटको क्षतिमा १९८ रनको स्कोर खडा गरेको थियो । विजेता टीमका करण साहले सर्वाधिक ९४ रन बनाएर मैन आफ दी मैच घोषित भएका छन् । प्रतियोगिताका विजेता टीमलाई नगद २५ हजार तथा उपविजेता टीमलाई नगद १५ हजार पुरस्कार दिइएको छ । विजेता र उपविजेता टीमलाई गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले शील्ड प्रदान गरेका थिए ।

### आर्सेनिकयुक्त पानी पिउन बाध्य

बाँके । बाँकेको नेपालगंज उपमहानगरपालिका २३ भज्जुपूर्वा गाउँका बासिन्दा अहिले पनि आर्थिक अभावका कारण २० फुटमा जडान गरिएका धाराको पानी पिउन बाध्य भएको बताएका छन् । नेपाल एका एजुकेशनल फाण्डेशनले भज्जुपूर्वाका स्थानीयहरूसँग गरेको छलफलमा स्थानीय रियाज अन्सारीले आर्थिक अभावका कारण आर्सेनिकयुक्त पानी पिएर जीवनयापन गरी रहेको बताऐ । उनले गाउँमा विगतमा केही संस्थाहरूले धारा जडान गराएका पनि पानीको गुणस्तर मापन नगरी २० फूट धारा जडान गरेकोले उक्त पानीबाट हरेक वर्ष बालबालिकाहरू बिरामी पर्ने गरेको बताए । भज्जुपूर्वाका रहिसले स्थानीय सरकार बने पनि आफूले अनुभूति गर्न नपाएको बताए । उनले वडा प्रदान गर्ने धारा समेत २० फूटमा जडान गर्ने गरिएकोले उक्त धाराको पानी समेत स्वास्थ्यका लागि हनिकारक रहेको बताए । छलफलमा सहभागि रहेका मुस्लिमहरूले आफूहरूका लागि स्वच्छ खानेपानीको व्यवस्था गरिदिन नेपाल एका एजुकेशनल फाउण्डेशनसँग माग गरेका थिए । एकाले पानीको समस्याको सामना गरिरहेका व्यक्तिहरूका घरमा जडान गर्दै आएको छ । एकाले बाँकेको जानकी गाउँपालिकामा ५१, डुडुवा गाउँपालिकामा १७ घरमा धारा जडान गरेको कार्यक्रम संयोजक पवन सिहले बताए । नेपाल एका एजुकेशनल फाउण्डेशनका अध्यक्ष शक्ति कुमार बंशकारले मानव बिकास पछाडि पर्नुमा सुरक्षित पानी र सरसफाई सेवाको अभावका कारण मानिसहरूको अकालमा ज्यान जानेको बताउदै स्वच्छ पानीका लागि एकाले पहल गर्ने बताए । उनले स्थानीय निकाय संग समन्वय गरेर भज्जुपूर्वामा केही महिना भित्र नै धारा जडान गर्ने बताए ।

### अन्नपूर्ण मिडियाको कार्यालय उद्घाटन

धनगढी । अन्नपूर्ण मिडिया नेटवर्कको ब्यूरो कार्यालय उद्घाटन भएको छ । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सोमबार धनगढीमा कार्यालयको उद्घाटन गरेका हुन् । मुख्यमन्त्री भट्टले प्रदेशका समाचारलाई पनि स्थान दिन केन्द्रीय सञ्चारमाध्यमलाई आग्रह गरेका छन् । उनले प्रदेश सरकारले मिडिया मैत्री कानून निर्माण गर्न लागेको जानकारी समेत गराए ।

### कांग्रेस पुनः पहिलो पार्टी हुने : डा.कोइराला

जनकपुरधाम । नेपाली कांग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले आउने चुनावमा कांग्रेस पुनः पहिलो पार्टी हुने दाबी गरेका छन् । उनले यसपटकको निर्वाचनमा पराजयको एउटा कारण कम्युनिष्टहरूबीच गठबन्धन र आन्तरिक कलह पनि रहेको बताए । उनले सरकारले अहिलेसम्म कुनै उपलब्धिमूलक कार्य नगरेको आरोप लगाएका छन् । उनले काङग्रेस सकारात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्न चाहेको जिकिर गरेका छन् । नेपाल प्रेस युनियन धनुषाद्वारा सोमबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलन महामन्त्री कोइरालाले सरकारले योजनाविहीन तरिकाले काम गरिरहेको आरोप लगाए ।

### बुटवलमा सुविधा सम्पन्न रोडिजअटो मार्ट

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश ५ को राजधानी बुटवलमा सुबिधा सम्पन्न विभिन्न ब्राण्डका साना गाडीहरूको मर्मत सम्भार साथै डाएग्नोस्टिक तथा स्क्यानिङ, पेन्टिङ तथा सम्पूर्ण कार्य गर्ने गरी बुटवलमा रोडज आटो मार्ट स्थापना भएको छ । ५ करोडको एकल लगानीमा उक्त मार्टको सुरू भएको छ । एक कार्यकमका बीच बाल ब्रहमचारी ईश्वरीय विश्व विद्यालय नेपालका सह निर्देशक, बाल ब्रहमचारिणी वरिष्ठ राजयोगिनी कमला दिदीले उक्त मार्टको उद्घाटन गरिन् । उदघाटनमा सवारी साधनको प्रयोगकर्ताहरूका लागि यस अटो मार्टका सुविधाले अन्यत्र धाउने समस्या समाधान हुनेमा आफू विश्वस्त रहेको बताइन् । करिब ५ करोडको लगानीमा स्थापित मार्टले हप्ताको सातै दिन सेवा उपलब्ध गराउने तथा नेपालको कुनै स्थानमा पनि गाडी बिग्रएमा सो स्थानमै पुगेर गाडीको मर्मत गर्ने सुविधा पनि उपलब्ध गराईने मार्टका संचालक तथा प्रबन्ध निर्देशक सुदिप बिक्रम कार्कीले बताए ।

